जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रकृति सकिए जीवन सिद्धिन्छ । त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं । वनजंगल, नदीनाला, पहाडपर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक १८४ • २०७९ साल मंसिर १३ गते मंगलवार (29 November, Tuesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सरकारको नेतृत्वमा एमाले र कांग्रेसको दाबी
### सरकार बनाउन एमाले, जसपा र जनमत मिल्ने संभावना

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सरकार बनाउने सहज बहुमत पाएका सत्तारुढ गठबन्धनका दलहरु नयाँ सरकार निर्माणका लागि छलफल थालेका छन् ।

गठबन्धनमा ठूलो दल बनेको नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्णा यादवले सरकार गठनका लागि दल भित्रको आन्तरिक र गठबन्धनका दलहरुबीच छलफल सुरु भएको बताए ।

'सत्तारुढ गठबन्धन दलहरु मिलेर नै सरकार बनाउन सहज बहुमत रहेकाले समस्या आउने छैन्' उनले भने, गठबन्धनमा रहेका दलहरु नै मिलेर सरकार बनाउनेमा दलहरु एकमत छन् ।

सत्तारुढ गठबन्धनमा हाल रहेका दलहरु नै मिलेर सरकार बनाउन स्वतन्त्र निर्वाचित सभासदहरुको सहयोग लिनु पर्ने देखिन्छ ।

नेकपा एमाले , जनता समाजवादी पार्टी(जसपा) र जनमत पार्टी मिले स्वतन्त्रको सहयोगमा पनि सहज ढंगले सरकार बनाउन सक्ने दाबी मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको छ ।' एमाले, जसपा र जनमत मिले सरकार बनाउन कुनै समस्या हुँदैन्' उनले भने, ५ जना स्वतन्त्र जितेका सभासदहरु मध्ये ३ जना जसपाकै असन्तुष्ट रहेकाले मिल्न कठिनाइ हुने छैन् ।

प्रत्यक्षतर्फ एमालेले १५ स्थान जितेको र समानुपातिकबाट १० सिट थपिने निश्चित जस्तै छ ।जसपाले प्रत्यक्षमा ९ र समानुपातिकबाट ८ सिट प्राप्त गर्ने संभावना छ। जनमत पार्टीको प्रत्यक्षमा ६ र समानुपातिकमा ८ सिट आउने संभावना छ।एमालेको २५, जसपाको १७ र जनमतको १४ समेत ५६ सभासद हुने देखिएको छ ।समानुपातिकतर्फ जसपाको १ र जनमतको १ कम भएपनि सरकार बनाउन चाहिने ५३ सिट पुग्ने निश्चित छ ।

सत्तारुढ गठबन्धन तर्फ कांग्रेसको १३, माओवादीको ४, लोसपाको ७ र नेकपा एसको ४ सिट जितेका छन् ।५ जना स्वतन्त्र उम्मेदवार जितेका छन् ।सत्तारुढ गठबन्धनलाई जनमत अथवा जसपाको समर्थन अनिवार्य चाहिन्छ ।

नेकपा माओवादीका नेता समेत रहेका मधेश प्रदेशका गृह तथा सञ्चार मन्त्री भरत साहले सरकार बनाउन छलफल सुरु भएको बताउँदै सरकारको नेतृत्व गर्ने दलको विषयमा संवाद नभएको जनाए ।

सत्तारुढ गठबन्धनकै सरकार बन्नेमा ढुक्क देखिएका नेपाली कांग्रेसका नेता एवं निवर्तमान भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवले भने, सरकार गठन सम्बन्धमा दलहरुबीच छलफल सुरु भएको छ ।

कांग्रेसले सरकारको नेतृत्व गरे मुख्यमन्त्रीका प्रबल दावेदार रहेका यादवले अर्को चुनाव नलड्ने घोषणा गरिसकेका छन् ।

मधेश प्रदेशमा सरकार बनाउन छलफल सुरु भए पनि नेताहरुले केन्द्रमा हुने गठबन्धनकै आधारमा प्रदेशमा सरकार बन्ने बताए ।

एमालेकी सभासद शारदा थापाले सरकार बनाउन अहिले छलफल न चलाइएको बताइन् ।' समानुपातिकतर्फको सबै परिणाम आएपछि पार्टीको केन्द्रीय निर्देशन अनुसार सरकारका लागि प्रदेशमा पहल गरिनेछ ' उनले भनिन्, प्रदेशमा सबै भन्दा ठूलो दल रहेकाले एमालेकै नेतृत्वमा सरकार गठन हुनु स्वभाविक हो ।

कांग्रेस र एमालेले सरकारको नेतृत्व गर्ने दाबी गरिरहे पनि सरकार गठनका लागि गणितीय संख्या ५४ कसरी पुग्ने तनाव भने छ ।

## धुमधामका साथ विवाह पञ्चमी मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष मार्गशीर्ष शुक्ल पञ्चमीका दिन मनाइने विवाह पञ्चमी सीतारामको आराधनासहित प्रतीकात्मक रुपमा विवाह सम्पन्न भएको छ। त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीका दिन सीता र रामको विवाह भएको सम्झनामा यो उत्सव मनाइने चलन रहेको छ ।

मिथिलाको प्राचीन राजधानी जनकपुरधाममा भगवान् सीता र रामको विवाह महोत्सव विधिपूर्वक मनाइएको छ ।

गोस्वामी तुलसीदासले रामायणमा वर्णन गरेअनुसार जनकनन्दनी सीताको विवाह भएको दिनलाई सम्झेर मिथिलावासीले यस पर्वलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन् ।

त्रेतायुगमा मिथिलाका राजा जनकले आफ्नी छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीन टुक्रा पारेका थिए । शिवधनुषलाई भाँचेपछि मार्गशीर्ष शुक्ल पञ्चमीका दिन सीता र रामको भव्य समारोहबीच विवाह सम्पन्न भएको जानकी मन्दिरका महन्थ राम तपेश्वर दास वैष्णव बताउँछन् ।



रामायण अनुसार जनकपुरधामको रङ्गभूमिमा आयोजना गरिएको स्वयंवरमा ५६ कोटी देवीदेवताको उपस्थिति रहेको जनविश्वास गरिन्छ । सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्यरूपमा हुने विश्वासले हर्षोल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुने गरेका छन् ।

महोत्सव मनाउने क्रममा मिथिलाको संस्कृतिअनुसार मटकोर, तिलकोत्सव, स्वयंवर र विवाह संस्कार सम्पन्न हुन्छ । पौराणिक मान्यताअनुरूप राम मन्दिरबाट बाजागाजा, झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेष रूपमा निर्मित डोला सिंहासनमा राखी रङ्गभूमिमा पुर्‍याइएको थियो ।

त्यस्तै जानकी मन्दिरबाट सीतालाई विशेष सुसज्जित डोलामा राखी रङ्गभूमिमा लगिएको थियो ।

रङ्गभूमिमा स्वयंवरविधि, परीक्षणको वैवाहिक विधि सम्पन्न भएपछि सीता-रामलाई जानकी मन्दिरमा ल्याइ मिथिला संस्कृतिअनुसार विवाह सम्पन्न गरिएको थियो ।

यस अवसरमा निस्केको भगवान्‌को डोला शोभायात्रामा विभिन्न स्थानलगायत सीमावर्ती भारतीय क्षेत्रका लाखौं श्रद्धालु सहभागी भएका थिए । रङ्गभूमि मैदानमा वर र वधुपक्षबीच हुने गरेको हाँसो, ठट्टा तथा गाउँगाउँबाट आउने गरेको सीतारामको प्रतीकात्मक झाँकी र लाखौं सङ्ख्यामा सम्मिलित भक्तजनको उत्साहले वास्तविक विवाहको रमितालाई उछिनेको थियो ।

देवताको मानवीयकरणको भावनासँग सम्बद्ध विवाह महोत्सवमा सरिक भएपछि मनोवाञ्छित फल र मोक्ष प्राप्त हुने जनविश्वास छ ।

उक्त महोत्सव पहिले एक महिनासम्म भव्यरूपमा मनाउने गरिएकामा हाल पाँच दिनसम्म मनाइन्छ । यसैगरी देशभरका सीता राम मन्दिरमा पनि विशेष पूजा आराधना र महोत्सव गरी विवाह पञ्चमी पर्व मनाइन्छ । विवाहपञ्चमीका दिन विवाह गर्न साइत नचाहिने सामाजिक मान्यतासमेत रहेकोछ ।






# परिषद्को समीक्षा कार्यक्रम

**लालबाबु बानिया**

पर्सा। किशोरी सशक्तीकरणका लागि शिक्षा कार्यक्रम स्वयंसेवक परिषद्को समीक्षा बैठक तथा हस्तान्तरण कार्यक्रम सोमबार सम्पन्न भएको छ।

पर्साको दिब्य युवा कल्वको कार्यालयमा सम्पन्न भएको छ । दिब्य युवा कल्ब पर्साले संचालन गरेको साढे चार वर्ष ईन्गेज प्रयोजना संचालन रहेकोले दिसम्बर महिनामा फेज आउट भएकोले धोबिनी,जगरनाथपुर गाउँपालिकामा गठन गरिएको संजाल समितिका सदस्यहरुसंग अन्तरक्रिया समेत गरेको थियो।



कार्यक्रमका संयोजक गणेश ठकुरीले भने यो कार्यक्रम ईन्गेज फेज आउट भए पनि गाउँपालिकामा संजाल समिति गठन रहेकोले संस्थासंग समन्वय कायम रहने छ।

संजालको काम कर्तब्य र सहयोग जारी राख्न आग्रह समेत गरेका छन् । संयोजक ठकुरीले भने साढे चार वर्षमा विद्यालय बाहिर रहेकी १० वर्ष देखि १९ वर्षकी ३४० जना किशोरीहरुलाई विद्यालयमा भर्ना गराई पठन पाठनमा सहयोग गरेका छन।

किशोरीहरुले टाढा विद्यालय र गरिबीका कारण किशोरीहरु विद्यालय जान बाट बंचित भएको कारण एनगेज कार्यक्रम अभियान अन्तर्गत संजालले किशोरी हरुलाई विद्यालय भर्ना गराएका छन।

विद्यालय मर्मत र विद्यालय सुरुमा शौचालय लगायत विद्यालय भवन निर्माण गरेका छन्। ईनगेज प्रयोजना फेज आउट भए पनि अब गाउँपालिकाहरुमा गठन गरिए सजालमार्फत सहयोग गर्न आग्रह समेत गरेका छन् ।

कार्यक्रम दिब्य युवा कल्ब पर्साका अध्यक्ष उमेश प्रसाद चौहानको अध्यक्षतामा सम्पन भएको थियो। कार्यक्रम रामजतन यादवको अतिथ्यमा भएको कार्यक्रममा अदित्य पटेल से सहजीकरण गरेका थिए।

# भारतीय प्रम मोदीले घोषणा गरेको रकम अझै आएन

**बाला खुद्दार**

जनकपुरधाम । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चार वर्ष अघि जनकपुरधाम भ्रमणका क्रममा जनकपुर क्षेत्रको विकासका लागि गरेको

२८ वैशाख ०७५ मा भारतीय प्रधानमन्त्री मोदी जनकपुर आउँदा जनकपुरको विकासका लागि १ अर्ब भारतीय रकमको घोषणा गरेका थिए । तर, त्यसको ४ वर्षभन्दा बढी भइसक्दा पनि सो रकम आउने सकेको छैन।



फाईल फोटो

भारत सरकारले सहयोगमा दिने उक्त रकम कहिले आउने हो विषयमा नेपाल पक्ष अझै अनभिज्ञ नै छ । जनकपुरधाम उपमहानगरपालिका मेयर मनोज साहले भारतीय प्रधानामन्त्री नरेन्द्र मोदीले जनकपुरधामको विकासको लागि घोषणा गरेको रकम कहिले आउने विषयमा आफूलाई कुनै जानकारी नरहेको बताए।

भारत सरकारले जनकपुरधामको विकासमा सहयोग गर्ने घोषणा गरेको थियो,मेयर साहले भने,' तर त्यसका लागि न नेपाल पक्षबाट राम्रो पहल भयो न त भारतीय पक्षबाटै चासो लिइयो । त्यसकारण अहिले अन्यौलको अवस्थामा छ।'

भारत कुन काममा सहयोग गर्ने त्यसको विषयमा स्थानीय सरकार जनकपुरधाम उपमहानगरपालिका, मधेश प्रदेश सरकार र संघीय सरकारबीच न त छलफल भयो र न त कुनै सहकार्य नै भएको छैनन्,मेयर साहले भने,' यस्तो अवस्थामा भारत सरकारले पनि कहाँ कुन काम गरिदिने ? कुन कामको लागि पैसा दिने ? जस्ता प्रश्न उठछ । त्यसकारण यो नेपालतर्फको कमीकमजोरी हो। तर भारतीय पक्षले पनि चासो नलिनुले पनि यो काम अगाडि बढ्न सकेको छैन।'

काठमाण्डुस्थित भारतीय दूतावासले उक्त रकमका लागि वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, मधेश प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकालाईयोजनासहित प्रस्ताव पठाउन झण्डै दुई वर्ष अघि पत्राचार गरेको थियो।

सोही अनुसार मधेश प्रदेशका भौतिक पूर्वाधार मन्त्रालयले दूतावासमा गुरुयोजनासहित प्रस्ताव पठाएको थियो। तर, परिषद् र उपमहानगरपालिकासँग समन्वय नभएको बताउँदै दूतावासबाट प्रस्ताव फिर्ता आएको थियो।

त्यसपछि वृहत्तर जनकपुर क्षेत्र विकास परिषदद्वारा प्रदेश सरकारसँग समन्वय गरेर एक अलग प्रस्ताव दूतावासमा पठाइएको थियो । उक्त प्रस्तावमा परिक्रमा अन्तर्गत नेपालभित्रका १० वटा विश्रामस्थल र जनकपुरको रंगभूमि मैदानलाई सौर्न्दयकरण सहितका कार्यहरु समावेश गरिएको थियो। पछि त्यो प्रस्ताव पनि पास भएन। ४ महिना अघि वृहत्तरले जनकपुरधाम स्थित गोपाल धर्मशालाको तीन विघा जग्गामा आधुनिक धर्मशाला निर्माण, भ्यू टावर, व्यवसायिक प्रतिष्ठानका लागि सटरहरु निर्माण गर्ने लगायतका प्रस्ताव तयार गरी पठाएको थियो।

केही दिन अघि मात्रै जिम्मेवारी बाट अवकास पाएका वृहतर जनकपुरका निर्देशक बलराम ठाकुरले भने,' पछिल्लो पटक पठाएको प्रस्तावमा भारतीय पक्ष सहमत छ । तर गोपाल धर्मशालाको जग्गा गुठी संस्थान मातहतको रहेकोले जग्गा अधिग्रहण प्रक्रिया पूरा भएपछि मात्रै त्यो अगाडि बढ्ने कुरा भएको छ। तर अहिलेसम्म जग्गा अधिग्रहण नै नभएकोले त्यो कार्य रोकिएको हो।'

# श्रमिकहित विषयक अन्तरक्रिया

**रञ्जन यादब**

कलैया । बाराको सिमरामा पाँचौ सामाजिक सुरक्षा दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

सामाजिक सुरक्षा कोष शाखा कार्यालय सिमराको



आयोजनामा भएको कार्यक्रममा स्थानीय सरकारका प्रमुख, सरोकारवाला नीजि क्षेत्रका प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, श्रमिक संघसंगठनका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा सहभागी वक्ताहरुले नीजि क्षेत्रका श्रमिकको हितका लागि स्थापना भएको कोषको भूमिका र कार्ययोजनाको विषयमा चर्चा गरेका थिए।

कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले औद्योगिक करिडोरमा स्थापित कोषको भूमिका यस क्षेत्रका श्रमिकका लागि महत्वपूर्ण हुने बताए।

पौडेलले श्रमिकको सुरक्षा र हितमा आधारित भएर कार्ययोजना अघि ल्याउन कोषलाई सुझाव दिएका छन् ।

सामाजिक सुरक्षा कोष सिमरा शाखाका प्रमुख ऋषीराम पाण्डेयले सरकारी कर्मचारीका लागि स्थापित संचय कोषजस्तै नीजि क्षेत्रका श्रमिकका लागि सामाजिक सुरक्षा कोष स्थापना भएको बताएका छन्।

भर्खरै स्थापना भएका कारण कोषको भूमिकाको विषयमा बुझ्न केही समय लाग्ने र त्यसपश्चात नीजि श्रेत्रका श्रमिक आकर्षित हुने पाण्डेयले बताए।

पाण्डेयले श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत रहेको कोषसम्म श्रमिकलाई जोड्नका लागि श्रमिकहरुको नेतृत्व गर्ने संघसंगठन,सरोकारवाला निकायको भूमिका महत्वपूर्ण हुने बताएका छन्।

# नि:शुल्क भोजन

**टुडे समाचारदाता**

जनकपुरधाम। सीताराम विवाह महोत्सव अवसरमा नेपाल चार्टर्ड एकाउन्टेन्ट संघ जनकपुरधामले यहाँका एतिहासिक स्थल रंगभूमि मैदानमा नि:शुल्क भोजन तथा




नि:शुल्क स्वास्थ्य शिविर संचालन गरेका छन्।

चार्टर्ड एकाउन्टेन्ट संघका प्रदेश स्तरीय र जनकपुर स्तरीय केही सदस्यहरुको सहयोगले यो कार्यक्रम संचालन गरिएको थियो। उनीहरुले धार्मिक तथा ऐतिहासिक स्थल रंगभूमि फोहरमय नहोस उद्देश्यले खुवाएको पात तथा पानीका गिलाहसहरु समेत संकलन गरेका थिए।

त्यस्तै,जनकपुधामउपमहानगपालिका व्यापारीहरुको सहयोगमा,तैलिक समाज जनकपुरधामद्वारा जनक चोकमा,मगही फाउण्डेशन द्वारा,जनकपुरधाम वडा नम्बर ९ द्वारा पनि नि:शुल्क भोजन गराइएको छ।

सीताराम विवाह महोत्सव अवसरमा यहाँका विभिन्न संघ संस्थाले श्रद्धालु भक्तजनहरुलाई अनेक प्रकारबाट नि:शुल्क सेवा प्रदान गरेका छन।

# पीडित परिवारलाई सहयोग



**राकेश यादव**

रौतहट । जिल्लाको गौर नगरपालिकामा आम निर्वाचन २०७९ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन परिणामको घोषणा भएसँगै गौर नगरपालिकामा आगलागीको घटनामा वृद्धि भएको छ।

रौतहट निर्वाचन क्षेत्र नम्बर १ को मत परिणाम सार्वजनिक हुनु पूर्व गौर नगरपालिका वडा नम्बर १ माइस्थान नजिक रहेको इश्लाम सिरक डसना उद्योगमा भीषण आगलागी हुँदा ३ जनाको जलेर मृत्यु हुनुको साथै ३ जना घाइते भएका थिए। सो घटनामा करिब ४० लाख मूल्य बरवारको क्षति भएको थियो, परिणाम घोषणा भएपछि गौर नगरपालिका वडा नम्बर ४ मा २ जनाको घरमा आगलागी भएको छ । स्थानीय गोपाल यादवको घरमा चौथो पटक आगलागीको घटना भएको पीडितले बताएका छन्।

मंसिर ११ गते राति स्थानीय प्रदीप पासवानको घरमा आगलागी हुँदा २ वटा भैसी र ४ वटा बाख्राको जलेर मृत्यु भएको छ। सामाजिक एवं मानवीय सेवा कार्यमा रहेका नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाले अग्नि पीडित परिवारलाई राहत उपलब्ध गराएका छन्।

शाखाका सभापति राज किशोर प्रसाद यादवले घटना स्थलमा पुगेर अग्नि पीडित परिवारलाई रेडक्रसबाट तत्काल राहत सामग्री उपलब्ध गराएका छन।

पीडित परिवारलाई राहत स्वरूप स्वच्छता सामग्री ,कम्बल , त्रिपाल लगायतका सामग्री सहयोग गरिएको जिल्ला सभापति यादवले जनाएका छन।

मंसिर ७ गते राति करीव १ बजेको समयमा भएको भीषण आगलागीमा ठूलो जनधनको क्षति भएको इश्लाम मन्सुरिको परिवारलाई केसरी कल्याण समाज रौतहटले सहयोग उपलब्ध गराएका छन।

केसरी कल्याण समाज रौतहटका अध्यक्ष संतोष केसरीले ४ वटा बेड ,झूल ८ थान , डसना ,जाजिम लगायतका सामग्री उपलब्ध गराएका छन्।

# महापुरूषले गऱ्यो १० करोडको व्यापार

काठमाण्डु। कोरोना भाइरस महामारीका कारण लकडाउनको समय बढेको डिजिटल प्लेटफर्मकोप्रयोगलेहलमै गएर फिल्म हेर्ने संस्कृति हराउने चिन्ता बढेको थियो।

विश्वमै ओटिटीको प्रयोग बढिरहँदा केही प्रतिक्षित फिल्म रिलिजसमेत भए। हलमा दर्शक घट्नु र ओटिटिमा बढ्नुले नेपालमा समेत यसको विकल्प खोजियो । तर, नेपालमा यसले सफलता पाउन सकेन । हलमै फिल्मको व्यापार राम्रो देखियो। प्रायः एकवर्षमा दशभन्दा कम फिल्मले हलबाटै मुनाफा कमाउने गरेको तथ्याङ्क छ।

यद्यपि यसै वर्ष मङ्सिरसम्म कबड्डी ४, झिँगेदाउ, प्रेम गीत ३, के घर के डेरा, दुई नम्बरी र महापुरूषले हलबाटै मुनाफा कमाएका छन्। आइतबार फिल्म 'महापुरूष' युनिटले पत्रकार सम्मेलन गर्दै प्रदर्शनको चौंथो साता पूरा गर्दा दश करोड बढी ग्रस कलेक्सन गरेको जानकारी दिएका छन्।

"हामीले पहिलो साता पाएको शो सङ्ख्यामा खासै परिवर्तन आएको छैन। हामीले पाएको शोहरू मल्टिप्लेक्समा अझै भरिभराउ छन्", निर्माता दीपेश खत्रीले भन्नुभयो,"फिल्म हेर्न परिवार नै आइरहनु भएको छ । यसैले फिल्मको व्यापार राम्रो भइरहेको छ।" यस वर्ष कबड्डी ४ र प्रेम गीत ३ पछि १० करोड ग्रस गर्ने यो तेस्रो चलचित्र बनेको छ। नेपाली चलचित्रले हलमै यत्तिको व्यवसाय गर्नुलाई 'ब्लकबस्टर' मानिन्छ।

निर्माता खत्रीका अनुसार फिल्मले पहिलो साता उपत्यका अन्तर्गतको हलमा तीन करोड छ लाख ६५ हजार र उपत्यका बाहिरका हलमा एक करोड पचास लाख १२ हजार, दोस्रो सातामा उपत्यकामा एक करोड ८९ लाख एक हजार र बाहिर ९४ लाख १७ हजार, तेस्रो सातामा उपत्यकामा ९६ लाख तीन हजार र बाहिर ४५ लाख सात हजार तथा चौंथो सातामा उपत्यकामा ८७ लाख सात हजार र मोफसलमा ३९ लाख आठ हजारको व्यापार गरेको छ।

"फिल्म व्यापारमा केन्द्रित नभइ आफ्नै मौलिक कथा भन्नुपर्छ भन्ने लागेर यो विषयलाई ठूलो पर्दासम्म ल्याएका हौं। यसले गरेको व्यापारले आगामी दिनमा गहन विषयलाई उठाउन हौसला मिलेको छ", लेखकसँगै निर्देशकसमेत रहनुभएका प्रदीप भट्टराईले भन्नुभयो,"यो एक्लोपनको कथा हो । मैले वा धेरै सन्तानले आफ्नो अभिभावकसँग भन्न नसकेका कुराहरू फिल्मले भन्छ ।" स्वदेशमा मात्र नभई विदेशमासमेत यो चलचित्रले राम्रो दर्शक पाइरहेको कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँले जानकारी दिनुभयो।

"नेपालसँगै अमेरिका, क्यानाडा, अष्ट्रेलियामा प्रदर्शन भइरहेको छ, अमेरिकामा यसले ५१औं दिन मनाउने सम्भावना छ", कार्यकारी निर्माता बानियाँले भन्नुभयो,"व्यापारसँगै नेपाली फिल्मको बजार विस्तारसमेत भइरहेको छ।" चलचित्रमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौडेल, रवीन्द्र सिंह बानियाँ, शिरू विष्टसँगै नवप्रस्तुतिमा अरुण क्षेत्री र अञ्जना बराईली मुख्य भूमिकामा छन् ।रासस

## घर भाडामा

जनकपुरधामको बस पार्कसँगै रहेको होटेल सीताशरणको पछाडीको पूर्व मोहडा भएको डेढ कठ्ठामा बनेको अत्याधुनिक व्यवसायिक तथा आवासिय चार तले घर भाडामा लिन चाहनु हुनेले सम्पर्क गर्नु होला।

**सम्पर्क**
मो.नं.९८२३७६७३४०

## श्री धर्म संस्था
(रामस्वरुप साह, रामसागर साह)
मिल्स एरिया , जनकपुरधाम -१

**सूचना ! सूचना !! सूचना !!!**


यस श्री धर्म संस्थाको आ.व. २०७९/०८० को आन्तरीक लेखा परीक्षण गराउनको लागि लेखा परीक्षकको आवश्यकता भएकोले श्री धर्म संस्थाको स्वीकृत विधान अनुसार लेखा परीक्षण गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थावाट पेशागत प्रमाण-पत्र नविकरण भएको कर चुक्ता लिएको समबन्धि व्यक्तिको लागि सूचना प्रकाशित मिति ले १५ दिन भित्र उक्त प्रमाणपत्रहरुको प्रतिलिपि संलगन गरी आवेदन दिनु हुन आह्वान गरिएको छ।

सचिव

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : धन बृद्धि सञ्चय। |
| मिथून | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : भ्रमण अवसर हुने। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

विवाहपञ्चमी महोत्सव जनकपुरधाममा सोमबार धुमधामका साथ मनाइएको छ। हजारौंको संख्यामा जनकपुरधाम आएका श्रद्धालुहरुले खचाखच भरेको जनकपुरधाम। *तस्विर : संजय*




















**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# मधेशमा एमालेको सफलता

आम निर्वाचन सम्पन्न भएसँगै एमाले देशको दोस्रो ठूलो दल बनेको छ ।ठूला दलहरु सहभागी रहेको सत्तारुढ गठबन्धन विरुद्ध साना दलहरुसित तालमेल गरी चुनावमा सहभागी एमालेले प्राप्त गरेको सफलता ठूला गठबन्धनको भन्दा ठूलो छ ।एमालेको उपलब्धि अनपेक्षित रहेको छ ।हुनत एमालेका दिग्गज मानिएका नेताहरु चुनावमा धराशायी भएका छन् ।तर एमालेको पक्षमा परेको मत र प्राप्त गरेको सिट उत्साहजनक छ ।एमाले अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गर्ने अवस्थामा नपुगे पनि राजनीतिमा हुने अनेक नैतिक, अनैतिक खेलले सरकारमा सहभागी भए अनौठो नहोला ।देशभरि नै एमालेको प्रदर्शनमाथि प्रश्न उठाउन सकिदैन् ।एमाले विभाजन भएको डेढ वर्ष भित्र नै चुनावमा होमिएको एमालेका लागि परिणाम चिन्ताजनक रहेको छैन् ।ओलीले प्राप्त गरेको अर्को महत्वपूर्ण र ठूलो उपलब्धि मधेशमा प्राप्त गरेको सफलता हो ।प्रवेश निषेध गरिएको मधेशमा एमाले सबै भन्दा ठूलो दल बनेर प्रभाव सिद्ध गरेको छ ।२०७३ साल फागुन २३ गते कोसी कटेर पूर्वी नाकाबाट मधेश प्रदेशमा प्रवेश गरेका एमाले अध्यक्ष सहितका नेताहरुलाई मलेठबाट नै फर्काइएको थियो ।त्यसक्रममा त्यहाँ पाँच जना मधेशी सपुतको निर्मम हत्या गरिएको थियो ।मलेठ घटनासँगै मधेशमा एमालेलाई रोक लगाइएको थियो ।झण्डै दुई तिहाई बहुमत पाएको एमालेका अध्यक्ष ओलीले दुई पटक संसद विघटनगर्दा लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले काँध थापेका थिए ।एमाले नेतृत्वको सरकारमा लोसपाका ११ जनालाई मन्त्री बनाइएको थियो ।नागरिकता समस्या समाधानको कडा विरोधगर्दै आएका जसपाले आमचुनावमा बोकेर मधेश प्रदेशमा ठूलो दल बनाउन भूमिका निर्वाह गरेका छन् ।चुनावमा एमालेसित गठबन्धन गरेका जसपालाई मधेश प्रदेशमा सर्वाधिक क्षति भएको छ ।एमाले मधेश प्रवेशको प्रतिनिधि सभा र प्रदेश सभा दुबैमा सबै दलको भन्दा बढी स्थान जितेका छन् ।जसपा तेस्रो स्थानमा खुम्चिएको छ ।२०७४ सालको आमचुनावमा प्रतिनिधिसभातर्फ २ सिट मात्र जितेको एमालेले यस पटक ८ स्थानमा जित हात पारिसकेको छ ।धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ मा जारी रहेको मतगणनामा एमालेका उम्मेदवार रघुवीर महासेठ कांग्रेसका उम्मेदवार महेन्द्र यादव भन्दा पछाडि छन् । एमालेको उपलब्धिको प्रमुख कारण उसले मधेशका नेताहरुलाई भरियाको रुपमा प्रयोग गर्नु हो ।संसद विघटनको बखत लोसपा र चुनावमा जसपा एमालेको भरिया बनेका थिए ।मधेशमा मधेशकै दलले एमालेको विरोध गर्ने अवस्थामा रहेपछि उसले अनपेक्षित सफलता हात पारे ।मधेशमा एमालेको यो ठूलो सफलता हो ।

# रोहिंग्या शरणार्थी नेपालको पनि समस्या बन्ने



श्रीमन नारायण

म्यानमार सरकारको नीतिकाकारण त्याहाँबाट भागेर पहिले बंग्लादेश र त्यसपछि भारत हुदै नेपालप्रवेश गरेका रोहिंग्या मुसलमानहरु नेपालकालागी ठूलो चुनौतिबन्ने अवस्था देखिएको छ। खुल्लासिमानाको फाइदा उठाउदैं नेपालप्रवेश गर्ने रोहिंगया मुसलमानहरु बहय रुपमा शरणर्थीको रुपमा देखिएपनिचुनौतिबन्न सक्नेछन् ।

नेपालमाहाल सम्म एक हजारजतिरोहिंगया शरणर्थी रहेको अनुमानछ ।उनीहरु केवल राष्टिय राजधानीकाठमाण्डौर उपत्यका क्षेत्रमामात्रै रहेका छैन्न । त्यस बाहेक तराई क्षेत्रकाविभिन्नभागमा रहेकाछन् । शुरुमा शरणर्थीको रुपमाप्रवेश गर्ने र पछि पैसाको लोभमाअथवाधार्मिक सम्बन्धकाकारण अवैधतरिकाले नेपालको नागरिकतापनियिनीहरु हासिलगरि आफनो धार्मिक स्वतन्तको मागगर्दै समानता र त्यसपछि विशेष अधिकार अथवाआरक्षणको मागगर्न सक्नेछन् । झापा, मोरङ र सुनसरीका सीमावर्ति क्षेत्रमाहजारौ बंग्लादेशी र रोहिंग्याले नेपालको नागरिकतालिईसकेकाआरोप पनिलाग्दै आएको छ। २०४९ सालको स्थानीयचुनाव पछि तत्कालिनभद्रपुरकाएक प्रभावसाली नेताले सदाशयता र उदारता देखाउदै अनेकौं बांग्लादेशीलाई नेपालको नागरिकतादिलाएकाथिए । भूराजनीतिकजोखिमर खुल्लासिमानाकाकारण बढदो सीमाअपराधतथाअन्तरराष्ट्रिय आतंकवादीप्रभाव समेत बढदै गईरहेको परिप्रेक्ष्यमा शरणार्थीतथा अनेक रुपमाबसोवास गर्ने विदेशीनागरिकाकारण राष्ट्रिय सुरक्षाचुनौतिक्रमशः जटिल बन्दै गएको ठहर एक जना सुरक्षाविशेषज्ञको रहेको छ ।खास गरि शरणार्थीका राजनितिकगतिविधी, जातिवादतथाआतंकवादी संगठनसंगको संलग्न्ता, नेपालीनागरिक सरह सुविधापाउनुपर्ने पछिला माग र तीमागमाअन्तराष्ट्रिय सहयोग संस्थाहरुको समर्थन र सहयोग गम्भीर चिन्ताको विषय रहेको उनको ठम्याई छ। यो देशको सुरक्षासित सम्वन्धितविषयभएकाले सवाभविक रुपमापनि सवैको सरोकारको विषयहुनुपर्ने हो ।

रोहिंग्या मुसलमानलाई नेपालले शरणर्थीको मान्यतानदिएपनियहाँआएर उनीहरु क्याम्पकै शैलीमा समूहगत रुपमा बस्दै आएका छन् । संयुक्त राष्ट्रसंघको शरुणार्थी उच्चयुक्तको कार्यालय (युएनएचसिआर) नेपालको तथ्याङ्क अनुसार पछिल्लो एक वर्षमा १०० जतिले रोहिंग्याथपिएका छन । हालचार सय जतिले युएनएचसिआरबाट सहरी शरणर्थीको रुपमा परिचयपत्रपाइसकेका छन् भने थप एक सय ५० जनाले निवेदनदिएका छन् । संख्यामा बढे संगै उनीहरु काठमाण्डौकाबाहिरी क्षेत्रमाजग्गा भाडामा लिएर वस्ने तैयारीमा छन् । मानवीयताको आधारमा नेपालले उनीहरुलाई सहज रुपमा वस्न दिएको छ। सोहीकारण पनिभारतवाट नेपालआउने क्रम बढेको हुन सक्ने ठहर एक जना सुरक्षाविज्ञको रहेको छ । गतवर्ष रोहिंग्याको एक समूहअवैध रुपमाकाठमाण्डौ आईपुगेपछि गृह मन्त्रालयले सीमाक्षेत्रमा कडाई गर्ने नीतिलिएको थियो । नेपालको तराईको ठाँउ ठाँउमा जनपदर सशस्त्रप्रहरीकाचौकीअथावाक्याम्पहरु खोलिएका छन् । खुल्लाचौरमा, बगैचामा, सार्वजनिक ठाउ र भवनहरमा टेण्टलगाई अथवाबिना टेण्ट नै बसोबास गरिरहेका रोहिंग्याहरुको पहिचानगर्न कठीन छैन । तत्कालै तिनलाई नेपालवाट निकालागर्न सक्नुपर्दछ । नेपालले आफ्नो देशवाट निकाला गरेमाउनीहरु पूनःबंग्लादेश अथवाम्यानमार पुग्नबाध्यहुनेछन् ।

राजधानी काठमाण्डौको कुपन क्षेत्रमापनि राममन्दिरको वरिपरि टहरा बनाएर यस्ता रोशिंग्या शरणर्थीहरु बसोवास गर्दै आएको छन । ज्यामी देखीविभिन्नकाममाआवद्ध यिनीहरु ठाँउ नपाएपछ खुला क्षेत्रमापनि भाडा लिएर बस्ने तयारीमा हुन्छन । छिमेकी देश भारतमाकरिब ४० हजार रोहिंग्या शरणार्थी रहेको त्यहाँकाह्युमन राइट वाचनामकअन्तरष्ट्रिय संस्थाको विवरण छ । भारतमाभन्दा नेपालमा बस्न सहजहुने ठानेर त्यहाँवाट नेपालआउने क्रम बढेको हुन सक्दछ । विगतमाकतिपय समूहले लाखौ पैसा असुलेर रोहिंग्या समूहलाई नेपालमासमेत ल्याएको खुलेको थियो । दुई वर्ष अधिबंगलादेशी समूहलाई पक्राउ समेत गरिएको थियो । त्यतिवेला अनुसन्धानहुदाँ नेपालहुदै देश तेश्रो देश लैजानभनेर कतिपय रोहिंगयालाई नेपालल्याईएको खुलेको थियो । शरणर्थी तथाअवैध रुपमा नेपामाबसोवास गर्ने विदेशीनागरिकमाकारण राष्ट्रिय सुरक्षाचुनौतिक्रमशः जटिल बन्दै गईरहेने भनाई एक जनासुरक्षाविज्ञको रहेको छ ।

भारतमाप्रधानमन्त्री नरेन्द्र मोदीको सरकार अस्त्विमाआएदेखि त्यहाका सरकारले रोहिंग्या शरणार्थीको गतिविधिलाई बडो सुक्ष्मतापूर्वक नियाली रहेको छ । त्यहाँको राजनितिकगतिविधीमातिनको संलग्नता पाइएपछि सरकार चनाखो भएको हो रअवैध जतिलाई भारतबाट बाहिर निकाल्ने मानसिकताबनाएको छ । नेपालले पनिअतिथि र अतिवादीको पहिचानगर्नु आवश्यक छ । भुटानी शरणर्थीहरु पनिबषैदेखि नेपालमाबसोवास गर्दे आएकाहुन तर कहिल्यै कुनै समस्याभएन। हुनतःपहिलो समय सरकारले भुटानी शरणार्थीलाई बैंक खाताखोल्न,व्यपार व्यवसायगर्ने लगायतसुविधादिनलागेकोमासुरक्षाअधिकारीलेत्यसमा असन्तुष्टि जनाएकाथिए ।

गृहमन्त्रातयले केहीमहिना अघि दिएको विवरण अनुसार रोहिंग्याबाहेक पाकिस्तानका एक सय २७अफगानिस्तानका ५२, सोमालियाका २१, श्रीलंका १९, बंग्लादेशमा ५ र इराकका एक जनाले युनएनएच सी आरको कार्यालयबाट शरणार्थी परिचयपत्रलिइएका छन् । यसरी नेपालमाअवैध रुपमा वस्दै आएका सहरी शरणर्थीलाई युएनएचसिआर तेस्रो मुलुकमापठाउने गरेको छ । त्यहीलोभमाकतिपय देशकानागरिक नेपालआउने र पासपोर्ट फलेर एुएनएचसिआरमापुग्ने प्रवृति छ । यसले नेपालमाभने सुरक्षाचुनौति बढेको ठहर छ। नेपाल सरकार तिब्बती र भुटानी शरणर्थलाई मात्रऔपचारिकमान्यतादिएको छ । १२ हजार पाँच सय ४० तिब्बतीतथा ६ हजार तीन सय ६५ भुटानी शरणर्थी नेपालमा छन । तिब्बती शरणर्थी हरु लामो समय देखि नेपालका बस्दै आएका छन ।

तिब्बतसित नेपालको भौगोलिकसिमानाजोडिएको र धार्मिक संस्कृतिक समान्ता रहीआएको छ । तिब्बतीहरु नेपालआउनु अस्वाभाविक होइन। त्यसरी नै भुटानीहरु पनिभाषा र धार्मिक समानताकाकारण नेपालमा शरण लिए तर रौहिंग्यासित नेपाको त्यस्तो साईनो रहेका छैन । रोहिंग्यादिनभरी घरमा बस्ने, गरीबाअवस्थाका र केहीनपाएकाकारण मानिसरुपले पनिआक्रामकएवं हिंसक प्राकृतिका पाइन्छन् । सन्तानउत्पादनगर्नु बाहेकतिनको खासै कामपनि रहेको हुदैन ।

अवैध सत्तानको भारीलाई नेपालले थेग्न सक्दैन । त्यसैगरि नेपाली चेलीबेटीसित प्रेम विवाद गरेर उनीज्वाई पनिबन्न सक्दछ, त्यसपछि झन बढी सम्स्याहुनेछ । नेपालमाबंल्गादेशीहरुको पनिक्रियाकलापविवादरहितपाइएको छैन । रोहिंग्या शरणर्थीहरु पनिधार्मिक सवालमानिकै आत्रमकहुने गर्दछन । भोलीकादिनमायिनीहरु आफनो राजनीतिक र धार्मिक अधिकारको मागगर्नेछन् । तराई मधेसका केहीजिल्लामाधार्मिक आधारमायी शरणर्थीहर आफनो स्वजातिअथवाधर्मका मान्छेलाई प्रभावमापारेर अवैधरुपमा नेपालको नागरिक्तालिन सक्दछन । तसर्थ पनि यस दिशामाहाम्रो ध्यानजानु आवश्यक छ ।

रोहिंगया शरणर्थीलाई नेपालले किनउदारता देखाउने?भोलीकादिनमाकुनै जातियअथवाधार्मिक उन्मादनहोस, सामाजिक सदभावमाकमीआएमो तथा हिंसा एक आतंक जस्ता घटन नहोस यस हिंसाले पनि रोहिंग्या शरणथीहरुको प्रवेश माथि रोक लाग्नु आवश्यक छ र आईसकेकाहरुलाई तिनको स्वदेश फिर्ताको व्यवस्था सुनिश्तिगरिनु पर्दछ ।

# 'बच्चालाई खाने कुकुर भएको संसारमा हामी बाँच्न सक्दैनौँ'

**बीबीसी**

चेतावनीः केही पाठकलाई यसमा भएका विवरण मन विचलित पार्ने खालको हुनसक्छ।दक्षिण अफ्रिकाको फोमोलोङका बासिन्दा गत आइतवार बिहान एउटा डरलाग्दो चिच्याहटमा बिउँझिए। त्यस्तो चिच्याहट एक जना तीन वर्षीय बालकबाट आएको थियो जसलाई एउटा अमेरिकी पिट बुल जातको आक्रामक कुकुरले मरणासन्न हुने गरी आक्रमण गरेको थियो ।

ती बालक छिमेकीको घरअगाडिको गेटमा साथीहरूसँग थिए जहाँ धेरैजसो दुई वटा पिट बुल कुकुरहरू खोरमा बाँधेर राखिएको हुन्थ्यो। तर त्यो बिहान ती कुकुरहरूलाई यतिकै छोडिएको थियो। बालबालिकाहरू खेलिरहेका बेला ती कुकुरले केकेत्सो साउलेलाई झम्टिए। उनको विक्षिप्त परिवारका अनुसार त्यस्तो बर्बर खालको आक्रमण धेरै बेरसम्म चल्यो ।

"कसैले उनलाई नतानेको भए कुकुर हरूले उनको पुरै शरीर खाइसक्ने थिए," उनको विचलित फूपू थबेलेङ साउलेले भनिन्।"एकापट्टिको उनको अनुहार नै थिएन र गिदीको भाग पनि देख्न सकिन्थ्यो।"कुकुरले झम्टिएका बेला खिचिएको भिडिओमा भयभीत आफन्त र छिमेकीहरू के गर्ने र कसरी कुकुरलाई रोक्ने भनेर हेर्दै चिच्याइरहेको देखिन्छ।

त्यस्तैमा कसैले कुकुरहरूमाथि तातोपानी खन्याइदियो ताकि मानिसहरूले मृत केकेत्सोको शरीर त्यहाँबाट तानेर लैजान सके । आक्रोशको भुमरीमा उक्त ठाउँमा मानिसहरू भेला भए र ती कुकुरहरूमाथि जे भेटिन्छ त्यसैले हान्न थाले।उनीहरूले एउटा कुकुरलाई पक्रिन सके र आगो लगाइदिए । प्रहरी त्यसपछि आइपुग्यो र कुकुर पाल्ने २१ वर्षीय लेबोहाङ पालीलाई गिरफ्तार गऱ्यो। खतरनाक कुकुर राखेको आरोपमा उनीमाथि दुई वर्ष जेल वा जरिवाना वा दुवै हुनसक्ने अभियोग लगाइएको छ।

दोस्रो कुकुरलाई भने एउटा पशु कल्याणकारी समूह एसपीसीएले लिएर गयो र उसलाई मारिदियो । त्यसयता पालीलाई करिब १८ डलर बराबरको धरौटी तिराइएको छ। उनी अब आफू भाडामा बसेको घरमा फर्किएलान् वा नफर्किएलान् स्पष्ट छैन । जोहानेसवर्गको २५० किलोमिटर दक्षिण पश्चिममा पर्ने फ्रि स्टेट प्रान्तस्थित क्षेत्रमा हामी पुग्दा साउले परिवारको घरबाहिर सप्ताहान्तमा भएको जलाइएको कुरा त्यतिकै छरिएका थिए । कुकुर जलाइएको ठाउँमा ढुङ्गा,



जलेका टायर देखिन्थ्यो। आइतवार आफूहरूले के देखे भनेर बासिन्दाहरू आफ्नो आक्रोश पोख्न आएका थिए।

"उक्त घटनाले हाम्रो मुटु छियाछिया भएको छ," सानी छोरी च्यापेकी एक भर्खरैकी देखिने आमा इमिली मोइरानेले भनिन् । "हामी अब पिट बुल कुकुर चाहँदैनौं," उनले भनिन्। उनीहरूका अनुसार यदि कुकुर पाल्ने मानिसले कारबाही भोग्नुपरेन भने "न्याय आफ्नो हातमा" लिनेछन् । साउले घरभित्र केकेस्तोकी फुपूले उनको हाँसिरहेको आफ्नो भदाको फोटो फोनमा देखाइन्। परिवारको पीडाबारे उनले आँसु नखसाली बोल्ने प्रयत्न गरिन् । "जे भयो त्यो ठीक होइन। बालकको आमा, हजुरबुवा र हजुरआमाले पनि घटना प्रत्यक्ष देखे," उनले भनिन्।"ती कुकुरहरूले बालकलाई किन खाए भनेर बुझ्न उनीहरूलाई समय लाग्नेछ।"

**पिट बुल त्याग्दै**

कुकुरले झम्टिँदाको तमासा देख्ने एकजना बाहिरियाले मलाई उक्त क्षेत्रमा अर्को पिट बुल भएको बताए जुन साउले घरको ठ्याक्कै अघिल्तिर थियो । कुकुरका मालिक मोकेटे सेलेबानोले मलाई स्वागत गरेर घरको पछाडिपट्टि लगे जहाँ खैरो रङ्गको पिट बुल उनी र उनको श्रीमतीसँग खेलिरहेको थियो । मोकेटे सेलेबानोले आफ्नो सानो पिट बुल कुकुर नपाल्ने निर्णय गरेका छन्।"यो सानो छ - मेरो छोरा जस्तै हो," उनले भने । तर पिट बुललाई लिएर समुदायको आक्रोशबाट उनी भयभीत छन् र अब आफ्नो घरपालुवा पिट बुललाई त्याग्दैछन् । "बच्चा खाने कुकुरहरू भएको संसारमा हामी बाँच्न सक्दैनौँ। यदि समुदाय आक्रोशित छ भने हामीले गर्नसक्ने केही छैन। तर यो कुकुर गएको हेर्न म र मेरो श्रीमतीका लागि निकै पीडादायी हुनेछ।"

पिट बुलले झम्टिने गरेका हालैका घातक घटनापछि उनी जस्तै धेरैले आफ्ना कुकुरहरू त्यागेका छन् ।केकेस्तोको मृत्यु भएको तीन दिनपछि इस्टर्न केप प्रान्तमा पिट बुलले नै आक्रमण गरेका एकजना १५ महिने बालकको पनि अस्पतालमा उपचारका क्रममा मृत्यु भयो । एउटा गैरसरकारी समूह एनिमल्स २४-७ ले सन् २००४ यता दक्षिण अफ्रिकी सञ्चारमाध्यममा कुकुरले गरेका घातक हमलाको विवरण राखेको छ । विगत १८ वर्षमा पिट बुलको हमलाका कारण ३७ जनाको मृत्यु भएको छ जसमा यो साता ज्यान गुमाएका दुई बालबालिकाहरू समेटिएका छैनन् । त्यसरी ज्यान गुमाउनेमा १८ बालबालिका छन् जसमध्ये पाँच जनाको गएको वर्षमात्रै ज्यान गएको हो ।

# पुराणका पाँच लक्षण जो आधुनिकतासँग मिल्छन्



**गोविन्दशरण**
**उपाध्याय, प्राध्यापक,**
**त्रिचन्द्र बहुमुखी क्याम्पस**

आजको आधुनिकता शब्दले पश्चिमा संस्कृति र सभ्यताले बाइबलसँग विद्रोह गरे यताको समयावधि जनाउँछ। नेपालीहरूले भने आधुनिकताको प्रयोग पश्चिमी सभ्यताले नेपाली समाजमा प्रभाव पार्न थालेका मानकहरूका आधारमा प्रयोग गरिन्छ कि भन्ने लाग्छ ।

आधुनिकताको सवाल र अर्थ विद्वान् हरूले आ-आफ्नो समझअनुसार गर्छन् तर समग्रमा आधुनिकताको अर्थबोधमा विज्ञानप्रतिको अभिरुचि, शिक्षा-स्वास्थ्यको कल्याणकारी व्यवस्थापन गर्ने चेतना, नारी तथा बालबालिकाको अधिकार मानवतावादी चिन्तनको विकाससँग जोडेर हेर्ने गरिन्छ। यसबाहेक नेपाली समाजमा आधुनिकताको थप अर्थपछि छ- निर्धक्क रूपमा सुरा र यौनको प्रयोग, धनका लागि नातागोताको महत्व अवमूल्यन र अधिकारसँग जोडेर शरीरलाई पनि बजारमा फरकफरक किसिमले बेच्ने स्वतन्त्रताको प्रयोग र मौलिक इतिहास, संस्कृति तथा संस्कारहरूप्रति अरुचि अथवा घृणावादी दृष्टिकोण र पश्चिमा संस्कृति, सभ्यता तथा संस्कारहरूप्रति प्रशंसाको दृष्टिकोण राख्नुलाई पनि बुझ्ने गरिन्छ। यहाँ आधुनिकतावादी नेपालीहरूले नबुझेको तत्थ्य के हो भने पाश्चात्य सभ्यताले पनि 'पुराण'का विभिन्न चरण पार गरेर नै यहाँ आएका हुन्। हो, उनको लेखनशैली, व्यवहार गर्ने शैली र बुझ्ने/बुझाउने शैली यहाँको भन्दा फरक थियो ।

पुराणको अर्थ नै इतिहासका विषय र ज्ञानविज्ञानका विषयवस्तुहरूलाई सरल तथा रोचक ढंगले प्रस्तुत गरिने परम्परा हो। संस्कृत व्याकरणअनुसार पुराण शब्द 'पूरा भव' अर्थमा ट्यु प्रत्यय गर्दा बन्छ। यसको अर्थ पुराना घटनाहरू भन्ने हुन्छ। प्राचीन कालमा नयाँ भएको वस्तुलाई पुराण भनेर यास्कले भनेका छन्। जुन साहित्य पुरातन सृष्टि र लयसँग सम्बन्ध भएर पनि आधुनिक लोकजीवनसँग जोडिन सक्छ, त्यो नै पुराण हो। सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर तथा वंशानुचरित्र यी पुराणका पाँचवटा लक्षण हुन्छन् भनेर मनुस्मृतिले बताएको छ। पुराणहरूले भने आफ्ना दशवटा (भा.२/१०/१-२) हुन्छन् भन्ने उल्लेख गरेका छन्। यहाँ बुझ्नु पर्ने चुरो कुरा के हो भने ऋषिमुनिहरूले इतिहास तथा वैदिक ज्ञान, कर्म तथा भक्ति मार्गका विषयहरूलाई सरल तथा रोचक ढंगले प्रस्तुत गर्न अनेकौं कथाहरूको प्रयोग गरेका छन्। ती कथाहरू मध्ये कति ऐतिहासिक व्यक्ति, घटना, स्थान तथा समयसँग वास्तविक रूपमा सम्बन्धित छन् भने कतिपय कथा र घटनाहरू काल्पनिक पनि छन् जुन जनसाधारणले सरलरूपमा बुझ्न् भन्ने उद्देश्यले अभिप्रेरित थिए ।

आजको विज्ञानले पृथ्वीको अर्बिट र हामी बस्ने ठाउँको समय फरक हुने तथ्य प्रमाणित गरिसकेको छ। त्यसैले पुराणका विषय कल्पित हुन् भन्नेहरूले निष्पक्षरूपमा यी तत्थ्यहरूको अनुसन्धान गर्नुपर्छ। पाश्चात्य गणित कम्प्युटर हरूको आगमन भन्दा पहिले यी तत्थ्यहरूसँग परिचित थिएन। उनीहरू आज पनि त्रिलियन भन्दा माथिल्लो संख्यामामा पुगेका छैनन्। जबकि ब्रह्माण्डको आकार नै ३ त्रिलियन लाइट वर्षको छ भन्ने कल्पना गर्छन्।

सर्गको अर्थ हो - सृष्टिको विषयमा उठेका जिज्ञासाहरूको समाधान। आधुनिक विज्ञानले पनि सृष्टिको कुरा गर्छ तर प्रयोग भएका साधनहरू फरक छन्। वेदले सबैभन्दा पहिले 'शब्द'को विस्फोटको कुरा गर्छ जुन आधुनिक महाविष्फोटको सिद्धान्तसँग मिल्छ। यसैगरी विष्णुको नाभिबाट ब्रह्माको उत्पतिको सिद्धान्त ठ्याक्कै आजको 'अर्को कुनै प्लानेट'को सिद्धान्तबाट मिल्छ। वेद तथा पुराणहरूमा हजारौं यस्ता कथाहरू छन् जुनले पहिलो सर्ग आरम्भ हुँदा केवल ब्रह्माण्डहरूको उत्पति भयो र ती अनन्त थिए भन्ने तत्थ्य प्रष्टसँग उजागर गरेको छ। हजारौं वर्ष पहिलेका यी सिद्धान्तहरू ठ्याक्कै अहिलेको विज्ञानसँग तर्कसङ्गत हुनुपर्छ भन्ने चिन्तन केवल 'मूर्ख'हरूले राख्न सक्छन्। त्यतिवेलाको प्रज्ञाले जे-जस्तो सृष्टिका विषयमा बुझ्यो, जान्यो त्यही लेख्यो। आजभन्दा पाँचहजार वर्षपछि अहिलेका सृष्टिविषयक खोजहरू 'पुराण'कै श्रेणीमा राखिन सकिने छ भन्ने विपक्षमा कसैसँग तर्कसङ्गत प्रमाण हुनेछैन।

दोस्रो विसर्गको अर्थ हो - प्राथमिक सृष्टिपछि सृष्टिको विस्तार। पुराणहरूमा सृष्टि विस्तारको प्रसंग अचम्म लाग्दो छ। असलमा, विसर्गचाहिं मनु र सतरूपाबाट आरम्भ भएको यौनजन्य क्रियाबाट आरम्भ भएको मानिन्छ। यो मानव, पशुपक्षी, रूखविरुवा, जलीय जीवआदिको सृष्टिकको वर्णन हो ।

यो प्रसंगमा कतिपय सृष्टिका क्रियाहरू आधुनिक विज्ञानसम्मत देखिन्छन् भने कतिपय विज्ञानको नजरियाले पूर्णतया काल्पनिक नै देखिन्छन्। बुझ्नुपर्ने कुरा के हो भने काल्पनिकता नै भए पनि यसले अभिरुचि पूर्वक इतिहास खोज्न पाठकहरूलाई अभिप्रेरित गर्छ । तेस्रो, वंशको अर्थ हो राजा र प्रजाहरूको क्रमगत विकासको पूर्ण अथवा आंशिक वर्णन गर्नु। पुराणहरूले मूलतः मनुबाट आरम्भ भएको मानव वंश, सूर्यबाट आरम्भ भएको सूर्य वंश र चन्द्रबाट आरम्भ भएको चन्दवंशको विस्तृत वर्णन गरिएको छ ।

यहाँ एउटा तत्थ्य खोतल्न योग्य छ - पश्चिमाहरूले सिकन्दर तथा बाइबलआदिमा उल्लेख भएका राजाहरूलाई वास्तविक भन्छन् तर पुराणहरूले समय, ठाउँ, काम तथा व्यक्ति तोकेका इतिहासका पात्रहरूलाई काल्पनिक भन्दै अपहेलना गर्छन् ।

सूर्यवंशी राजा राम, उनी जन्मेको, राज्य गरेको ठाउँ अयोध्या, चन्द्र वंशी कृष्ण तथा उनी जन्मेको हुर्केको मथुरा वृन्दावन तथा निवास गरेको द्वारका र युद्ध लड़ेको हस्तिनापुरको स्थलगत अस्तित्व हुँदाहुँदै पनि पात्रहरूलाई काल्पनिक भन्नु पाश्चात्य इतिहासकार र उनको कुरामा विश्वास गर्ने नेपाली तथा भारतीय इतिहासकार, मानवशास्त्रीहरूको दृष्टिकोण निकै त्रुटीपूर्ण र (पूर्वाग्रहपूर्ण) मान्नुपर्छ।

पुराणका उपरोक्त लक्षणहरू आजको समयमा पनि उत्तिकै महत्वपूर्ण छन् र ग्रहणयोग्य छन् भन्ने तत्थ्य हामीले स्वीकार गर्दा नेपालको गौरव नै बढ्छ। पुराणहरूका कतिपय सन्दर्भहरू वैश्विक छन् र मानवताका लागि कल्याणकारी छन् भने कतिपय सन्दर्भहरू गतार्थ भैसकेका छन्। त्यसैले पाठकहरूले पुराणहरूको पौराणिकतालाई उपयोगिता तथा कल्याणकारी अर्थमा समयोचित तवरले बुझ्नुपर्छ। सबैथोक ग्रहणयोग्य नहोलान् तर त्याग्नै पर्ने पनि छैनन्।

चौथो मन्वन्तरको प्रसंग समय-मापन अर्थात् गणितसँग सम्बन्धित तत्थ्य हो। उदाहरणका लागि वैदिक समय मापन प्रणालीमा आँखाको परेला झिम्कँदा लाग्ने समयलाई निमेष भनिन्छ। १५ निमेषको १ काष्ठा, ३० काष्ठाको १ कला, ३० कलाको एक मुहूर्त, ३० मुहूर्तको एक दिनरात, ३० दिनको एकमहिना, ३६३ दिनको एकवर्ष, ६३ लाख ५४ हजार वर्षको एक युग, २८ चतुर्युगीको एक कल्प र एवम् प्रकारेण१६ कल्पको ब्रह्माको १ दिन र अर्को चौधकल्पको ब्रह्माको रात हुने कुरा उल्लेख गरिएको छ। यसरी ब्रह्माको सयवर्षको आयुमा मान्छेका ४६३,८४२,०००,०००,०००/- मानववर्ष हुने शास्त्रमा उल्लेख गरिएको छ। राजा रेवतका प्रसंगमा समय-यात्राको प्रसंग उल्लेख गर्दै ब्रह्मलोकको एक घण्टामा पृथ्वीलोकमा लगभग २८ वटा चतुर्र्युग वित्ने उल्लेख छ ।

आजको विज्ञानले पृथ्वीको अर्बिट र हामी बस्ने ठाउँको समय फरक हुने तथ्य प्रमाणित गरिसकेको छ। त्यसैले पुराणका विषय कल्पित हुन् भन्नेहरूले निष्पक्षरूपमा यी तत्थ्यहरूको अनुसन्धान गर्नुपर्छ। पाश्चात्य गणित कम्प्युटर हरूको आगमन भन्दा पहिले यी तत्थ्यहरूसँग परिचित थिएन । उनीहरू आज पनि त्रिलियन भन्दा माथिल्लो संख्यामामा पुगेका छैनन्। जबकि ब्रह्माण्डको आकार नै ३ त्रिलियन लाइट वर्षको छ भन्ने कल्पना गर्छन्।

पाँचौं, वंशानुचरित्रको प्रसंग प्रष्ट छ । वंशमा उत्पन्न भएका विशिष्ट व्यक्तिहरूले गरेका कामहरूको विस्तृतरूपमा वर्णन गर्नु। आजभोली 'रोलमोडेल'को प्रसंगलाई बडो महत्वका साथ सामाजिक, सांस्कृतिक तथा देशभक्तिका प्रसंगमा उठाउने गरिन्छ। राजाको प्रसंगमा राजा पृथुले आफ्नो प्रशंसा नगर्न अनुरोध गरेका थिए। राजा रामचन्द्र एकपत्नी र मर्यादाका लागि आज पनि समाजमा पुजित छन्। कृष्णको प्रसंग लीला र आध्यात्मिक प्रसंगमा निकै पूजनीय छ भने सर्वसामान्य व्यक्ति विदूरआदिको प्रसंग पनि पुराणहरूले उल्लेख गरेका छन्।

पुराणका उपरोक्त लक्षणहरू आजको समयमा पनि उत्तिकै महत्वपूर्ण छन् र ग्रहणयोग्य छन् भन्ने तत्थ्य हामीले स्वीकार गर्दा नेपालको गौरव नै बढ्छ। पुराणहरूका कतिपय सन्दर्भहरू वैश्विक छन् र मानवताका लागि कल्याणकारी छन् भने कतिपय सन्दर्भहरू गतार्थ भैसकेका छन्। त्यसैले पाठकहरूले पुराणहरूको पौराणिकतालाई उपयोगिता तथा कल्याणकारी अर्थमा समयोचित तवरले बुझ्नुपर्छ। सबैथोक ग्रहणयोग्य नहोलान् तर त्याग्नै पर्ने पनि छैनन्। सबैभन्दा मुख्य कुरो, श्रद्धा तथा विश्वाससहित पूर्वाग्रहरहित अनुसन्धाताको रूपमा समीक्षा गर्नुपर्छ, जुन हाम्रा विश्वविद्यालयहरूले गर्न सकेका छैनन् र पूर्वाधार तयार गर्न समेत अनिच्छुक देखिएका छन् ।

(लेखक उपाध्याय त्रिभुवन विश्वविद्यालय अन्तर्गतको त्रिचन्द्र बहुमुखी क्याम्पसमा दर्शन तथा मनोविज्ञान विषयका प्राध्यापक हुनुहुन्छ।)
श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# मधेशमै खुम्चिए मधेशवादी दल



जनकपुरधाम । विसं २०६२/६३ को जनआन्दोलनअघि कांग्रेस र त्यसयता मधेशवादी दलका उम्मेदवारको आधार क्षेत्र मानिएको मधेश प्रदेशको राजधानी धनुषा-३ जनकपुरधाम क्षेत्रबाट यो पटक नेकपा (एमाले)ले चुनाव जितेको छ । यहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता अनिल झालाई पराजित गर्दै एमाले उम्मेदवार जुलीकुमारी महतो (महासेठ) निर्वाचित हुनुभएको हो । शुक्रबार (मङ्सिर ९ गते) जनकपुरधामस्थित निधि भवनमा महतो निर्वाचित भएको घोषणा गर्ने कार्यक्रम थियो। धनुषाको त्यही क्षेत्रबाट अघिल्लो पटक मधेश आन्दोलनका मुख्य नेतामध्येका एक राजेन्द्र महतोले नेपाली कांग्रेसका संस्थापक महेन्द्रनारायण निधि र उहाँका पुत्र कांग्रेस पूर्वउपसभापति विमलेन्द्र निधि परिवारको विरासत भत्काउनुभएको थियो।

यता झाले निर्वाचनमा पराजय भएको औपचारिक घोषणा हुँदै गर्दा थियो, उता यही क्षेत्र छोडेर सर्लाही-२ पुग्नुभएका राजेन्द्र महतोले निकै चुनौतीको सामना गरिरहेको खबर आइरहेका थिए। महतोलाई चुनौती दिने नेता हुनुहुन्थ्यो, मधेश आन्दोलनकै अगुवा महेन्द्र राय यादव । मधेशी नागरिकलाई सङ्गठित गरी अधिकारको आन्दोलनमा लामबद्ध गर्नेमध्येका मुख्य नेता तत्कालीन मधेशी जनअधिकार फोरमका संस्थापक र अहिलेको जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले पराजय बेहोरेको घोषणा भइसकेको थियो, त्यो पनि मधेश अधिकार आन्दोलनकै नाराले उदायका डा सिके राउतबाट । उता महतो आफ्नै सहकर्मीबाट हार्दै हुनुहुन्थ्यो, यता झा आफ्नै सहयात्री दल जसपाकै असहयोगले हार्दै हुनुहुन्थ्यो ।

"भाइ फुटे गवार लुटे भनेको यही त रहेछ हजुर", अन्तिम चुनावी परिणाम सुनिरहेकामध्येका जनकपुरधाम-३ का ६१ वर्षीय राजेन्द्र भगत भन्दै हुनुहुन्थ्यो, "यति छिट्टै यस्तो होलाजस्तो लागेको थिएन ।" उहाँले मधेशमा एकल सरकार बनाउन सक्ने हैसियत बनाएका दल रक्षात्मक अवस्थामा पुगेको देखेर आफूलाई निकै दुःख लागेको बताउनुभयो। 'खुसी हुने कि दुःखी' अन्योलमा हुनुहुन्थ्यो जनकपुरधाम-१ का ६५ वर्षीय धनीवीर दास पनि। "हिजो हामी पनि उहाँहरु सँगसँगै लडेको हो अधिकारका लागि तर अहिले सबै अलगअलग हुनुहुन्छ", उहाँले भन्नुभयो, "त्यसको फाइदा त अरुले उठाए नि ! यो दुःखद् हो ।"

जनकपुधाम-४ का ५८ वर्षीय फुलगेन साहले अहिलेको परिणामले आफूलाई आश्चर्य नलागे पनि मधेश आन्दोलनका नेताहरुले चुनाव हारेकामा नराम्रो लागेको प्रतिक्रिया दिनुभयो । "राम्रो त भएन तर के गर्नु जनता रिसाएपछि", साह भन्नुहुन्छ, "अधिकारको नाराले मात्रै केही हुँदैन, अवसर पाएको बेला काम गर्नुपर्‍यो नि ।" सोही ठाउँका २१ वर्षीय अनुराज झा पनि यस्तै भन्दै हुनुहुन्थो, "जनता बदलाव चाहन्छन्, अवस्थामा बदलाव । न बदलाव भयो न नेताहरु बदलिए, न त उनीहरु एक ठाउँमा भए । त्यसैले परिणाम यस्तो आयो ।"

देशभर चुनावको अन्तिम परिणाम आउने क्रममा छ। मधेश प्रदेशमा पनि चुनावी चित्र प्रष्ट भइसकेको छ 'अरु चम्किए, मधेशवादी खुम्चिए' । यो परिणामका विविध पाटाको समीक्षा हुँदै जानेछ। मधेश प्रदेशको राजधानी जनकपुरधाम धनुषामा भने मतगणनाको प्रारम्भिक नतिजासँगै बहस सुरु भइसकेको छ। यहाँका युवादेखि वृद्ध, व्यापारीदेखि ग्राहक, जागिरेदेखि बुद्धिजीवी सबैले यसपटकको निर्वाचनको परिणामप्रति चासो व्यक्त गरिरहेका छन् ।

**'मधेश आन्दोलनका महारथी एकले जिते दुईले हारे'**

भनिन्छ चुनावमा हारजीत स्वाभाविक हो। देशभरि पटकपटक मन्त्री र पार्टी सत्तामा पक्कड भएका नेताहरु पनि राजनीतिको कखरा सिक्दै गरेकाहरुबाट पराजित भएका छन् । मधेशमा पनि त्यस्तै तर केही फरक भएको छ। यहाँ विकल्पको रुपमा नयाँलाई कम पुरानै पार्टीतर्फ बढी जनमत फर्किएको छ । पार्टी नेता तर चुवावमा स्वतन्त्रको हैसियतमा भएकाहरु चम्किएका छन् ।

मधेश राजनीतिका तीन महारथी महन्थ ठाकुर, उपेन्द्र यादव र राजेन्द्र महतोमध्ये एक जनाले मात्रै जित्नुभएको छ। ठाकुरले महोत्तरी ३ मा हिजोको सहयात्री दल जसपाका उम्मेदवार हरिनारायण यादवलाई पराजित गर्नुभएको छ। महतोले सर्लाही २ मा लामो समय सहयात्रा गरेका महेन्द्र राय यादवबाट हार बेहोर्नुपरेको छ । यादवले सप्तरी २ मा मधेशीकै मुद्दाले स्थापित जनमत पार्टीका अध्यक्ष डा सिके राउतबाट पराजय हुनु परेको छ । त्यसैले पनि मधेशको हार र जीत दुवै विशेष छ। यहाँ हार्ने आफ्नै, हराउने पनि आफ्नै ।

विश्लेषक रोशन जनकपुरी पनि अरु ठाउँको भन्दा मधेशको हारजीत फरक र विशेष रहेको बताउनुहुन्छ । "मधेशकै मुद्दा उठाएर स्थापित हुन खोजेको जनमत पार्टीले जनमत बढाउँदै गएको छ, हार्ने ठाउँमा पनि यिनै दलका उम्मेदवार निकटतम प्रतिस्पर्धी छन्", उहाँले भन्नुभयो, "आपसमा लडेपछिको परिणाम यस्तै त हुन्छ ।" उहाँले मधेशवादी दलले अवसर पाएका बेला जनअपेक्षाअनुसार काम गर्न नसकेकाले जनविश्वास भड्किँदै गएको बताउनुभयो । "हिजोका मुद्दा यथावत छन्, मधेशवादी दलहरुमा राजनीतिक चरित्र अस्थिर रह्यो, त्यसकै प्रतीकात्मक अभिव्यक्ति हो अहिलेको परिणाम", जनकपुरी भन्नुहुन्छ, "जनतामा के मा र किन मत दिने भन्ने द्विविधा त थियो नै, मत विभाजित भएपछि अरुले फाइदा उठाए ।"

अर्का विश्लेषक डा राजेन्द्र विमल पनि मधेशवादी दलहरुले यहाँबाट आर्जित शक्तिलाई मधेशका मुद्दा सम्बोधन गर्नेतर्फ सही रुपमा प्रयोग नगरेकै कारण जनताले आशा र निराशासहित अभिमत जाहेर गरेको बताउनुभयो । "अहिले देशभरि जनताहरु आक्रामक छन्, यहाँका नेताहरुले पनि मधेशका जनताको भावना बुझ्न सकेनन्", डा विमलले भन्नुभयो, "मधेशका मुद्दा सम्बोधन गर्न इमान्दार प्रयत्न नभएको लागेरै जनताले यस्तो गरेका हुन सक्छन् ।"

यसपाली मधेश आन्दोलनका सहयात्री दलहरु फरकफरक कित्तामा उभिएका कारणले त हुँदै हो विगत पाँच वर्षमा प्रदर्शन गरेको अस्थिर राजनीतिक चरित्र पनि मधेशवादी दलहरुलाई महँगो परेको धेरैको बुझाइ छ । हुन पनि विसं २०७४ मा गठबन्धन र पछि पार्टी एकता गरेका नेताहरु सत्ता राजनीतिकै कारण फेरि फुटे । उम्मेदवारी दर्ताको केही दिन अघिसम्म सत्ता गठबन्धनमा रहेको जनता समाजवादी पार्टी अन्तिम समयमा प्रतिपक्षी एमाले कित्तामा गयो । एमाले कित्तामै रहेको लोकतान्त्रिक समाजवादी पार्टीले सत्ता गठबन्धनसँग सहकार्य गर्‍यो । पुराना सहयात्री यी दलको यही व्यवहारलाई जनताले मन नपराएको डा सुरेन्द्र लाल बताउनुहुन्छ ।

उहाँले राष्ट्रिय पार्टी र मधेशवादी दलबीचको फरक नछुटेकै कारण मधेशका जनता पनि विभाजित भएको बताउनुभयो । "हुन त काठमाडौँमा जे भयो मधेशमा पनि त्यही भयो", डा लालले भन्नुभयो, "फेरि किन मत हाल्ने भन्ने बारे जनतालाई आश्वस्त पार्न नसकेपछि हुने यस्तै हो ।"

पुरानै पार्टीतिर फर्कियो जनमत

पाँच वर्षअघि तत्कालीन सङ्घीय समाजवादी फोरम (हालको जसपा) र राष्ट्रिय जनता पार्टी (हालको लोसपा) ले आफ्नै बलबुतामा प्रतिनिधिसभाका ३२ मध्ये १९ र प्रदेशसभामा ६४ मध्ये ३४ सिट जितेका थिए। त्यसबेला सङ्घीय समाजवादी फोरमले प्रतिनिधिसभामा नौ र प्रदेशमा १९ तथा राजपाले प्रतिनिधिसभामा १० र प्रदेशमा १५ स्थानमा जितेको थियो । यसपटक भने फरक कित्तामा रहेका यी दुई पार्टीमध्ये जसपाले प्रतिनिधिसभामा छ र लोसपाले तीन गरी नौ स्थानमा जीत निकालेका छन् । त्यसैगरी प्रदेशसभामा क्रमशः नौ र सात गरी १६ स्थानमा जितेका छन् ।

यी दुई पार्टीले समग्रमा प्रतिनिधिसभामा नौ र प्रदेशसभामा १८ सिट गुमाएका छन् । यी सिटमध्ये मधेशवादी दल जनमत पार्टीले प्रतिनिधिसभाको एक र प्रदेशसभाको छ स्थान ओगटेको छ । समग्रमा जसपा र लोसपाबाहेकका पार्टी तथा स्वतन्त्रले प्रतिनिधिसभाका २३ र प्रदेशसभाका ४८ स्थान आफ्नो पक्षमा पारेका छन् । जबकी अघिल्लो पटक प्रतिनिधिसभामा र प्रदेशसभामा क्रमशः दुई र १४ स्थानमा जितेको एमालले यो पटक प्रतिनिधिसभामा आठ र प्रदेशसभामा १४ स्थान जितिसकेको छ।

प्रदेशसभाको परिणाम आउन बाँकी एक सिटमा एमाले उम्मेदवार अगाडि छन् । त्यसैगरी अघिल्लो पटक प्रतिनिधिसभामा छ र प्रदेशसभामा नौ सिटमै चित्त बुझाएको कांग्रेसले यो पटक प्रतिनिधिसभामा एक सिट बढाएर सात र प्रदेशमा चार सिट बढाएर १३ पुर्‍याएको छ ।

प्रतिनिधिसभाको परिणाम आउन बाँकी एक सिटमा कांग्रेस उम्मेदवार अगाडि छन् । मधेशवादी दल मात्रै होइन, अरु पार्टीभन्दा मधेश पक्षधर भनिएको माओवादी केन्द्रले पनि प्रतिनिधिसभामा अघिल्लो पटक जितेको (पाँच) सिटबाट चार र प्रदेशमा (अघिल्लो पटक छ) दुई सिट गुमाएर चार सिटमा चित्त बुझाएको छ । यसबाहेक एमाले विभाजन गरेर बनाइएको माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले प्रतिनिधिसभाका दुई र प्रदेशसभाका चार स्थान सुरक्षित गरेको छ ।

सङ्ख्यात्मकरुपमा अब सबै मधेशवादी दलहरु मिलेर पनि प्रदेश सरकार बन्ने अवस्था गुमेको छ। अघिल्लो पटक जसपा र लोसपा मिलेर एकल सरकार बनेको थियो । देशमा राजनीतिक उथलपुथल हुँदा पनि जसपा नेतृत्वको मधेश सरकारका मुख्यमन्त्री लालबाबु राउतले पाँचै वर्ष सरकार चलाउनुभएको थियो । तर अब मूलधारका राष्ट्रिय पार्टीको सहयोगबिना सरकार बन्न नसक्ने अवस्था आएको छ।

आशा र निरासाको अभिव्यक्ति

विश्लेषक जनकपुरी मधेशमा मधेशवादी पार्टी र समग्रमा मधेश र उत्पीडित जनताको पक्षधर मानिएको माओवादी शक्ति कमजोर हुनुको सङ्केत राम्रो नभएको बताउनुहुन्छ । "मधेशको कुरा गर्दा मधेशवादी दलमा आएको मत फेरि पुरानै पार्टीतिर फर्किन सुरु भएको छ । समग्रमा परिवर्तनका पक्षधर दलप्रतिको आक्रोस मतदानबाट पनि पोखिएको छ", उहाँले भन्नुभयो। उहाँले मधेशी तथा परिवर्तनकारी जनतामा संवेदना बाँकी नै रहेकाले हिजो गरिएका वाचा पूरा गर्न र गुम्न थालेको साख फर्काउन इमान्दार प्रयत्न गर्न लाग्नु नै दलका लागि हितकर हुने बताउनुभयो।

विश्लेषक डा राजेन्द्र विमलले नयाँ पुस्ता र नयाँ पार्टीको उदयलाई देशले परिवर्तन चाहेको अर्थमा बुझ्न सकिए पनि राष्ट्रिय एकता र परिवर्तनको मुद्दा बोक्ने कमजोर हुँदै जानु राम्रो नभएको बताउनुभयो । "अहिलेको परिणाम आशा र निराशाको समिश्रण मात्रै हो । नेता र दलहरु नबदलिएमा जनता त बदलिन्छन् नै", डा विमलको भनाइ छ, "अविश्वासले आक्रोसको रुप लिनुअघि नै हामी सबै बदलिन जरुरी छ । पक्कै सुन्दर बिहानी आउँछ। अँध्यारा पक्ष मेटिदै जान्छन् ।"

विश्लेषक डा सुरेन्द्र लालले पनि अहिलेको परिणामले मधेशवादी र परिवर्तनकारी शक्तिहरुले आफूलाई रुपान्तरण गर्न जरुरी रहेको बताउनुहुन्छ । जे गरे पनि जनताले मत हालिहाल्छन् भन्ने मनोविज्ञानलाई अहिलेको परिणामले बदल्न चेतावनी मात्रै दिएको भन्नुहुँदै डा लालले दलहरु बाँकी समय पनि नेताहरु नसुध्रिएमा समस्या हुने बताउनुभयो। "सत्ता र शक्तिका लागि आजसम्म भएका क्रियाकलापले सबै एकै त हुन् नि भन्ने अवस्था बनेको छ। राष्ट्रिय पार्टी र मधेशवादी दलहरुको फरक छुटिएन । जनजीवीका, सामाजिक रुपान्तरण र समृद्धिका मुद्दा नारामै सीमित भए", डा लालले भन्नुभयो, "अब आर्थिक सामाजिक रुपान्तरण र समृद्धिका लागि कार्यशैली बदल्न जरुरी भइसकेको छ। नभए जनताका अगाडि सधै विकल्प हुन्छन् ।"

देशभरको अवस्था हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टी सोचेभन्दा बढी नै फैलिएको छ । परम्परागत शक्ति राप्रपाले पहिलेभन्दा बढी शक्ति सञ्चय गरेको छ । मधेशमा पनि पुरानै पार्टीहरुको पनर्योदय सुरु भएको छ । यद्यपि जनमत पार्टीले यहाँ पनि नयाँ उचाइ लिएको छ । कुनैबेला मधेश विरोधी पार्टी भन्ने गरिएको एमाले अहिले यस प्रदेशमा सबैभन्दा ठूलो पार्टीका रुपमा स्थापित हुँदैछ । मधेशवादी दल तेस्रो/चौथो स्थानमा खुम्चिँदै छन् ।रासस

# मधेश प्रदेशमा सरकार बनाउन दुवै गठबन्धनलाई जनमत र स्वतन्त्र निर्णायक

जनकपुरधाम । यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मधेश प्रदेशसभामा प्रत्यक्षतर्फ ६३ क्षेत्रको अन्तिम नतिजा आउँदा कुनै राजनीतिक दलले स्पष्ट बहुमत प्राप्त गर्न सकेनन् ।

सङ्घमा बनेको गठबन्धनअुनसार मधेश प्रदेशमा पनि नेपाली कांग्रेस नेतृत्वको वाम लोकतान्त्रिक गठबन्धन र नेकपा (एमाले) र जनता समाजवादी पार्टी (जसपा) को गठबन्धन थियो । तर यहाँ सरकार बनाउन सक्ने गरी दुवै गठबन्धनको स्पष्ट बहुमत आउन नसकेपछि जनमत पार्टी र स्वतन्त्र उम्मेदवारको भर पर्नुपर्ने निश्चित देखिएको छ। प्रदेशसभामा प्रत्यक्षतर्फका ६३ क्षेत्रको नतिजा आउँदा वाम लोकतान्त्रिक गठबन्धनमा आबद्ध दलले २८ र एमाले नेतृत्वको गठबन्धनले २२ सिट जितेको छ । अन्तिम नतिजा आउन बाँकी धनुषा ४(२) मा एमाले उम्मेदवार अगाडि छन् ।

वाम लोकतान्त्रिक गठबन्धनका दलमध्ये कांग्रेसले १३, लोकतान्त्रिक समाजवादी पार्टी लोसपाले सात, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) ले प्रदेशसभामा चार/चार सिट जितेका छन् । यो गठबन्धनमा कांग्रेसले सप्तरी-३(१), धनुषा- ३(१), धनुषा-४(१), सर्लाही-२(१), सर्लाही-२ (२), सर्लाही-४(१), रौटहट-१(१), रौटहट-१(२), रौतहट-३(२), पर्सा-२(१), पर्सा-३(२), पर्सा-४(१) र धनुषा १(१) मा जितेको छ।

त्यसैगरी लोसपाले पर्सा-२(२), महोत्तरी-२(१), महोत्तरी-३(१), महोत्तरी-३(२), सर्लाही-१(१), सिरहा-४(२) र बारा-४(२) मा जितेको छ । माओवादी केन्द्रले सर्लाही-४(२), महोत्तरी-१(२), रौतहट-४(१) र पर्सा-१(१) मा जितेको छ भने एकीकृत समाजवादीले रौतहट-२(२), सर्लाही-१(२), सिरहा-३(२) र सप्तरी-४(१) मा जितेको हो।

एमाले-जसपा गठबन्धनमा एमालेले १४ र जसपाले नौ स्थानमा जितेको छ । एमालेले सप्तरी-१(१), सिरहा-१(१), सिरहा-२(२), सिरहा ३(१), धनुषा-१(१), धनुषा-२(१), धनुषा-३(२), रौतहट-२(१), बारा-१(१), बारा ३(१), बारा-४(१), बारा-३(२), महोत्तरी १(१) र महोत्तरी ४(१) मा जितेको छ। जसपाले धनुषा-२(२), पर्सा-१(२), पर्सा-४(२), बारा-१(२), रौतहट-४(२), सर्लाही-३(२), सिरहा-१(२), बारा-२(२) र महोत्तरी ४(२) मा जितेको हो ।

यी दुई गठबन्धनबाहेक जनमत पार्टीले छ र स्वतन्त्र उम्मेदवारले छ क्षेत्रमा जितेका छन् । जनमत पार्टीले सप्तरी-१(२), सप्तरी-२(१), सप्तरी-२(२), सप्तरी-३(२), सिरहा-४(१) र सिरहा-२(१) मा जितेको छ भने स्वतन्त्र उम्मेदवारले पर्सा-३(१), बारा-२(१), महोत्तरी-२(२), रौतहट-३(१), सर्लाही-३(१) र सप्तरी-४(२) मा जितेका हुन् ।

समानुपातिकतर्फको अहिलेसम्मको मतअनुसार तीन लाख १७ हजार एक सय १४ मतसहित कांग्रेस पहिलो र दुई लाख ८१ हजार नौ सय दुई मतसहित एमाले दोस्रो स्थानमा छ । त्यसैगरी जसपाले दुई लाख २७ हजार चार सय ७०, जनमत पार्टीले दुई लाख २१ हजार आठ सय ६७, माओवादीले एक लाख ४० हजार आठ सय २८, एकीकृत समाजवादीले ९३ हजार चार सय ६२ र लोसपाले ८० हजार पाँच सय ८० मत प्राप्त गरेको छ।

अघिल्लो निर्वाचनमा मधेश प्रदेशसभामा प्रत्यक्षतर्फ सङ्घीय समाजवादी फोरम (हालको जसपा) ले १९ र राष्ट्रिय जनता पार्टी (हालको लोसपा) ले १५ गरी ३४ सिट जितेका थिए। एक सय सात सदस्यीय मधेश प्रदेशसभामा समानुपातिकसहित जसपाको २९ र लोसपाको २५ सहित स्पष्ट बहुमत थियो।

त्यो बेला एमालेको २१, कांग्रेसको १९, माओवादी केन्द्रको ११ र सङ्घीय समाजवादी नेपाल पार्टी नेपालको एक सिट जोड्दा पनि सरकार बन्ने अवस्था थिएन। अहिले भने यी दुवै गठबन्धनले स्पष्ट बहुमत नल्याएपछि जनमत पार्टी र स्वतन्त्र उम्मेदवारको भर पर्नुपर्ने देखिएको हो ।रासस

# ३५ दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने आयोगको निर्देशन




काठमाण्डु । निर्वाचन आयोगले यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा सहभागी राजनीतिक दल र उम्मेदवारलाई परिणाम घोषणा भएको ३५ दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्न निर्देशन दिएको छ।

आयोगले तोकिएको ढाँचामा खर्च विवरण पेस गर्न निर्देशन दिँदै पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ मनोनयनपत्र पेस गरेका उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको दफा ७२ को उपदफा (४) अनुसार सम्बन्धित प्रदेश र जिल्ला निर्वाचन कार्यालयमा प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची (४) बमोजिमको ढाँचामा निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने जनाएको हो।

विवरण पेस गर्दा तोकिएको हद (सीमा) बमोजिमको रकम मतदाता नामावली खरिद, सवारीसाधन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी अन्तरक्रिया, अन्य प्रचारप्रसार, छापा एवं विद्युतीय माध्यम (सामाजिक सञ्जालसमेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालन लगायतका विषय शीर्षक उल्लेख गरी बुझाउनु पर्नेछ। उम्मेदवारले निर्वाचनमा खर्च गर्दा प्रयोग गरेको बैंक खाताको विवरण र खर्च गर्ने जिम्मेवार पदाधिकारीको नामसमेत उल्लेख गरी पेश गर्नुपर्नेछ।

निर्वाचन प्रचारप्रसारका लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा आफ्नो प्रतिनिधिमार्फत् मतदान सम्पन्न भएको मितिले १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूची पेस गरेका राजनीतिक दलले निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र प्रतिनिधिसभा सदस्यका लागि प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को अनुसूची ३४ र प्रदेशसभा सदस्यका लागि प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को अनुसूची ३६ बमोजिमको ढाँचामा आयोगमा पेश गर्नुपर्नेछ।

विवरण पेस गर्दा दलले हेलिकप्टर प्रयोग गरेको भए सोसमेत र दलले निर्वाचनमा खर्च गर्दा प्रयोग गरेको बैंक खाताको विवरण र खर्च गर्ने जिम्मेवार पदाधिकारीको नामसमेत उल्लेख गरी पेस गर्नुपर्ने छ ।रासस

# समानुपातिकतर्फ ९३ लाख मत गनियो

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभाको यही मङ्सिर ४ गते भएको निर्वाचनअन्तर्गत समानुपातिकतर्फ कूल ९३ लाख पाँच हजार सात सय ६६ मत गणना गरिएको छ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत राजनीतिक दलको चुनाव चिन्हमा मतदान गरिने हुनाले दलको लोकप्रियता निर्धारण हुन्छ । निर्वाचन आयोगका अनुसार हालसम्म गणना गरिएको मतअनुसार नेकपा(एमाले)ले २५ लाख ३४ हजार तीन सय २३ मत प्राप्त गरेको छ।

नेपाली कांग्रेसले २३ लाख ९९ हजार आठ सय ३१, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ६३ हजार सात सय १८, नेकपा(माओवादी केन्द्र)ले १० लाख ६२ हजार सात सय ४७ मत प्राप्त गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ४५ हजार छ सय ५६, जनता समाजवादी पार्टीले तीन लाख २६ हजार तीन सय ७२ मत प्राप्त गरी थ्रेस होल्ड कटाएका छन्।

थ्रेस होल्ड कटाउनका लागि सङ्घर्षरत दलमा नेकपा (एकीकृत समाजवादी) र जनमत पार्टी छन्। आयोगको विवरणअनुसार जनमत पार्टीले दुई लाख ६२ हजार आठ सय २६ मत प्राप्त गरेको छ भने एकीकृत समाजवादीले दुई लाख ५२ हजार २७ मत प्राप्त गरेको छ। बाँकी रहेको मतगणनामा ती दलले थ्रेस होल्ड कटाउने अपेक्षा राखेका छन्।

निर्वाचनमा खसेको मतमध्ये सदर मतको तीन प्रतिशत मतलाई थ्रेसहोल्ड मानिएको छ। मतगणना जारी नै रहेकाले सदर मत कति भन्ने स्पष्ट आँकडा त आइसकेको छैन । तर खसेको मत अनुमानित एक करोड सात लाख रहेको र यसमा बदर मत कटाएर बाँकी मतको तीन प्रतिशत प्राप्त गर्ने दलले थ्रेसहोल्ड पार गर्ने कानुन छ।

आयोगका अनुसार नागरिक उन्मुक्ति पार्टीले दुई लाख ३७ हजार नौ सय ६२, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख २७ हजार नौ सय १८, नेपाल मजदूर किसान पार्टीले ७२ हजार आठ सय, हाम्रो नेपाली पार्टीले ५२ हजार आठ सय ४३ मत, मंगोल नेशनल अर्गनाइजेशनले ४५ हजार छ सय ६३, राष्ट्रिय जनमोर्चाले ४४ हजार आठ सय ७३, नेपाल सङ्घीय समाजवादी पार्टीले ३१ हजार दुई सय २९ र नेकपा(माले)ले २६ हजार नौ सय ७१ मत प्राप्त गरेका छन्।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत कूल ४७ दलले निर्वाचन प्रक्रियामा भाग लिएका थिए । त्यसमध्ये सबैभन्दा अन्तिममा रहेको नेशनलिष्ट पिपल्स पार्टीले एक हजार छ सय ९४ मत प्राप्त गरेको छ।

त्यस्तै आयोगले प्रदेशतर्फको पनि समानुपातिकतर्फको मतगणना जारी राखेको छ। प्रदेश नं १ मा १५ लाख ८४ हजार आठ सय ६९ मतगणना भइसकेको छ । मधेश प्रदेशमा १६ लाख २५ हजार सात सय ५८, वाग्मती प्रदेशमा १५ लाख ९८ हजार चार सय ३४, गण्डकी प्रदेशमा नौ लाख १८ हजार आठ सय ३९, लुम्बिनी प्रदेशमा १८ लाख ५९ हजार ६२, कर्णाली प्रदेशमा पाँच लाख ७७ हजार आठ सय २९ र सुदूरपश्चिम प्रदेशमा आठ लाख सात हजार एक सय ३८ मत गणना भइसकेको छ ।रासस

# गठबन्धनकै सरकार बनाउनेबारे तीन शीर्ष नेताबीच छलफल



काठमाण्डु । यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आउने क्रम अन्तिम चरणमा पुगेका बेला पाँच दलीय सत्ता गठबन्धनका शीर्ष नेताबीच भेटवार्ता र छलफल सुरु भएको छ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच आज नयाँ सरकार गठनबारे छलफल भएको छ । प्रधानमन्त्री देउवासँग भएको छुट्टाछुट्टै भेटमा अध्यक्षद्वय दाहाल र नेपालले पाँच दलीय गठबन्धनलाई अझै थप बलियो बनाइ गठबन्धनकै नेतृत्वमा आगामी सरकार गठन गर्नुपर्ने विषयमा छलफल गर्नुभएको प्रधानमन्त्री देउवाका प्रेस प्रमुख गोविन्द परियारले जानकारी दिनुभयो।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा उहाँहरुबीच नयाँ सरकार गठन, राष्ट्रपतिलगायत 'पावर शेयरिङ' गर्नुपर्ने बारेमा समेत छलफल भएको थियो । गठबन्धन दायाँबाँया नगरी एकमतका साथ अघि बढ्नुपर्ने तीन शीर्ष नेताको निष्कर्ष रहेको प्रेस प्रमुख परियारले बताउनुभयो। निर्वाचनपछि पहिलो पटक प्रधानमन्त्री देउवा र अध्यक्ष नेपालबीच भएको भेटमा बधाई साटासाटसमेत भएको थियो। प्रधानमन्त्री देउवा र अध्यक्ष दाहालबीच यसअघि शनिबार पनि भेट भएको थियो।

निर्वाचनको पछिल्लो मतपरिणाम अनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ कांग्रेसले सबैभन्दा बढी मत प्राप्त गरेको छ। निर्वाचन आयोगका अनुसार आज दिउँसोसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फ कांग्रेसले ५३ स्थानमा जित हासिल गरेको छ भने दुई स्थानमा अग्रता कायम गरेको छ।

त्यस्तै नेकपा (एमाले) ४२ स्थानमा विजयी भएको छ भने एक स्थानमा अग्रता कायम गरेको छ । नेकपा (माओवादी केन्द्र)ले १७, नेकपा (एकीकृत समाजवादी)ले १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात स्थानमा जित हासिल गरेका छन्। यस्तै स्वतन्त्र पाँच, लोकतान्त्रिक समाजवादी पार्टीले चार र नागरिक उन्मुक्ति पार्टी तीन स्थानमा विजयी भएका छन्। बाँकी स्थानको केही समस्याका कारण मतपरिणाम आउन ढिलाइ भएको आयोगले जनाएको छ ।रासस

# जुनसुकै भूमिका निर्वाह गर्न हामी तयार छौँ : उपाध्यक्ष नेम्वाङ

काठमाण्डु । नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङले निर्वाचनको परिणामले लोकतन्त्रको सुन्दर र स्वस्थ्य प्रतिस्पर्धाको राजनीति अघि बढ्ने सन्देश दिएको बताउनुभएको छ।

इलामबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भई काठमाडौँ आएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राससससगँ कुराकानी गर्दै उहाँले निर्वाचनले दलहरू मिलेर देश र जनताकाहितमा काम गर्न प्रष्ट सन्देश दिएको उल्लेख गर्नुभयो।

संविधानसभा अध्यक्ष नेम्वाङले भन्नुभयो, 'जनताले सुनाएको निष्कर्षबाट निषेधको राजनीति पराजित भएको छ, जनताका अगाडि धेरै विषय र प्रश्न थिए । निर्वाचनले दिएको निष्कर्षले जनताको विजय भएको छ ।' लोकतन्त्रमा विश्वास गर्ने शक्ति जनादेशअनुसार चल्नुपर्नेमा जोड दिँदै पूर्वसभामुख नेम्वाङले जनताले दलहरू मिलेर देश र जनताको हितमा काम गर्न दिएको निष्कर्ष अनुरुप आफ्नो दल अघि बढ्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'मलाई विश्वास छ, हामी मिलेर अघि बढ्दा मात्रै देश ठीक दिशातर्फ अघि बढ्छ।' अहिलेको सफल निर्वाचनले संविधान कार्यान्वयन गर्न राम्रो वातावरण प्रदान गरेको बताउँदै नेता नेम्वाङले भन्नुभयो, 'संविधान र नयाँ जनादेशको सन्देशअनुरुप जुनसुकै भूमिका निर्वाह गर्न हामी तयार छौँ ।'

मिश्रित निर्वाचन प्रणालीबाट आएको परिणामले कुनै अस्थिरता ननिम्त्याउने स्पष्ट पार्दै पूर्वसभामुख नेम्वाङले राष्ट्र र जनहितलाई केन्द्रमा अघि बढ्न सबै राजनीतिक दललाई सुझाव दिनुभयो ।रासस



मेक्सिको सिटीमा मेक्सिकोका राष्ट्रपति एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरको कार्यकालको चौथो वर्षको सम्झनामा जोकालो स्क्वायरको हवाई दृश्य । *तस्वीर : एएफपी*

# युक्रेन तनावपछि पुटिन र कजाकस्तानका नेताबीच भेटवार्ता

**एएफपी**

मस्को । कजाकस्तानका नेता कासिम-जोमार्ट तोकायेभले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग सोमबार क्रेमलिनमा भेटवार्ता गर्नुभएको छ।



गत साता दोस्रो कार्यकालका लागि सेवा सुरू भएयता कजाकस्तानका नेताको यो पहिलो विदेश भ्रमण हो भने ६९ वर्षीय कजाखस्तानले मस्को भ्रमण गर्ने आफ्नो छनौट साङ्केतिक भएको बताउनुभएको छ।

“यो मेरो पहिलो विदेश भ्रमण हो र यो आफैंमा राजनीतिक महत्व र निश्चित प्रतीकात्मकता हो,’ वार्ताअघि पुटिनको छेउमा बसेका टोकाएभले भन्नुभयो । “कजाकस्तानका लागि रुस सधैं रणनीतिक साझेदार हो र रहँदै आएको छ,’ उहाँले भन्नुभयो। उक्त अबसरमा पुटिनले टोकायेभसँग भन्नुभयो, “मस्को र अस्तानाबीचको सम्बन्ध ‘विशेष अवस्था’को छ।

उहाँले आर्थिक सम्बन्धलाई मजबुत बनाउन आह्वान गर्दै भन्नुभयो, “अन्तर्राष्ट्रिय व्यापार सङ्कटमा परेको बेला आर्थिक समस्या समाधान विशेष गरी समयसापेक्ष छ । नेताद्वयले सोमबार नै कजाकस्तानको सीमा नजिकै रहेको रुसी शहर ओरेनबर्गमा व्यापारमा केन्द्रित अन्तरसरकारी मञ्चलाई भिडियो लिंकमार्फत सम्बोधन गरेका थिए।

युक्रेनमा रूसको आक्रमणले कजाकस्तानलगायत उसका केही पूर्व सोभियत मित्रराष्ट्रहरूलाई चिन्तित तुल्याएको छ। गत साता अर्मेनियामा मस्को नेतृत्वको सीएसटीओ सुरक्षा समूहको शिखर सम्मेलनलाई सम्बोधन गर्दै टोकायेभले ‘शान्तिको सूत्रका लागि संयुक्त सामूहिक खोजी’ गर्न आह्वान गर्नुभएकमो थियो। हामीले रुसी र युक्रेनी दाजुभाइ तथा दिदीबहीनीहरूलाई वर्षौंसम्म आपसी अस्वस्थ गुनासोका साथ अलग हुन दिनु हुँदैन ।’ तोकायेभले रूसमा सैन्य परिचालन बाट भागेका दशौं हजार रूसीहरूलाई कजाकस्तानमा रहन अनुमति दिइएको पनि उक्त अवसरमा बताउनुभयो।

# सोमालियाको एक होटलमा आतंककारी हमला, मानवीय क्षतिको आशङ्का

**सिन्ह्वा**

मोगादिसु । सोमालियाको एक होटलमा यहाँका आतङ्ककारीहरुले हमला गरेको बताइएको छ ।सोमालियाको राजधानी मोगादिसुमा रहेको भिल्ला रोसा होटलमा आइतबार राति शक्तिशाली हतियार प्रयोग गरेर हमला गरेका बताइएको छ।

सो होटलमा सोमालियामा हिंसा मच्चाइरहेका अब सेबाब आतङ्ककारी समूहले आक्रमण गरेको यहाँका सुरक्षा अधिकारीहरुले जानकारी दिएका छन् ।ती अधिकारीहरुका अनुसार आइतबार राति सो होटलमा उनीहरुले हमला गरेका छन् र त्यस होटलमा रहेका कर्मचारी तथा पाहुनाको अवस्था अज्ञात रहेको छ।

स्थानीय प्रहरी र नागरिकहरुले सो होटलमा उनीहरुले शक्तिशाली विस्फोटक पदार्थहरु पनि विस्फोट गराएको बताइएको छ ।प्रहरीले सोमबार बिहानसम्म सो हमलाको बारेमा पूर्ण जानकारी नआएको र प्रहरीले सो होटललाई घेरा हालेर अनुसन्धान जारी गरेको बताएको छ।

सो होटलमा रहेका पाहुना र कर्मचारी हताहत भएको आशङ्का गरिएको समाचारमा जनाइएको छ । शक्तिशाली हतियार र विस्फोटक पदार्थको प्रयोग गरेर हमला भएकाले मानवीय क्षतिको आशङ्का गरिएको यहाँका स्थानीय प्रहरी अधिकारीले जनाएका छन्।

आतङ्ककारीहरुले होटलको गेट र परिसरमा विस्फोट गराएका थिए। सोमबार बिहान प्रहरी सो होटलमा प्रवेश गरेको र उद्धारको काम सुरु भएको बताइएको छ । सोमालियाका अल सेबाब आतङ्ककारीहरुले पछिल्लो समयमा सुरक्षाकर्मी, सर्वसाधारण नागरिक एवं विभिन्न भौतिक संरचनाहरुमा पनि आक्रमण गर्ने गरेका छन्।

# आर्थिक सङ्कटका कारण बङ्गलादेशद्वारा विलासिताका सामानको आयातमा रोक

**सिन्ह्वा**

ढाका । बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले विदेशी मुद्राको घट्दो सञ्चितिलाई संरक्षण गर्न विलासी वस्तुको आयातमा रोक लगाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ।

यद्यपि उहाँले थप अत्यावश्यक वस्तुआयात गर्नुपर्नेमा भने जोड दिनुभएको छ । बङ्गलादेशको राजधानी ढाकामा आइतबार भएको सचिवस्तरीय बैठकमा उहाँले सो निर्देशन दिनुभएको हो।

ब ै ठ क प ि छ बङ्गलादेशी मन्त्रीपरिषद्का सचिव खान्दकर अनवारुल इस्लामले प्रधानमन्त्रीको निर्देशनबारे पत्रकारलाई जानकारी गराउनुभएको थियो।

प्रधानमन्त्री हसिनाले देशको वाणिज्य मन्त्रालयलाई ४० वटा विलासिताका सामानको आयातलाई निरुत्साहित गर्न र विदेशी मुद्रा बजारमा डलरको तरलता सुधार गर्न आयात शुल्क बढाउन आग्रह गर्नुभएको थियो।

बङ्गलादेशको विदेशी मुद्रा सञ्चिति नोभेम्बर २३ मा ३४.१० अर्ब अमेरिकी डलर पुगेको छ, जुन नोभेम्बर १७ मा ३४.३० अर्ब अमेरिकी डलरबाट कम भएको बङ्गलादेश बैंक (बीबी) को पछिल्लो तथ्याङ्कले देखाएको छ।

यस पृष्ठभूमिमा, बङ्गलादेशको केन्द्रीय बैंकले अमेरिकी डलरको तुलनामा बङ्गलादेशी मुद्रा टाकाको विनिमय दर परिवर्तन गर्ने विचार गरिरहेको छ।

यसको अर्थ आर्थिक वर्षको अन्त्यसम्ममा अमेरिकी डलरको कारोबार विद्यमान एक अमेरिकी डलर बराबर ९८ टाकाबाट कारोबार १०० टाकामा पुग्नेछ।

समष्टिगत आर्थिक स्थायित्वका लागि गम्भीर खतरा उत्पन्न हुने चुनौतीको सामना गर्न बङ्गलादेश सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) लगायत विश्वका ऋणदाताहरुसँग ऋणका लागि सम्पर्क गरिसकेको छ।

आइएमएफले बहुप्रतिक्षित ४.५ अर्ब अमेरिकी डलर को ऋण सहायता जारी गर्न मार्ग प्रशस्त गर्न बङ्गलादेशसँग कर्मचारीस्तरको सम्झौता भएको पुष्टि गरेको छ।

प्रधानमन्त्री हसिनाले गत महिना बङ्गलादेशमा रहेका सबैलाई सम्भावित विश्वव्यापी अनिकाल वा खाद्य सङ्कटबाट देशलाई जोगाउन खाली सबै जमिनमा खेती गर्न र थप खाद्यान्न उत्पादन गर्न एकसाथ काम गर्न आग्रह गर्नुभएको थियो।

# पाकिस्तानमा पोलियो खोप अभियान सुरु

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानमा यहाँका बालबालिकाका लागि पोलियो विरुद्धको खोप अभियान सञ्चालन गरिएको पाकिस्तान सरकारले जनाएको छ । पाकिस्तानको स्वास्थ्य मन्त्रालयले यस वर्षको तेस्रो पटकको अभियान आइतबारबाट सुरु भएको जनाएको छ।

यस अभियानबाट कम्तीमा पनि एक करोड ३५ लाख बालबालिकालाई पोलियोका विरुद्धको खोप दिइने पनि पाकिस्तानी स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। पाकिस्तानका ३६ जिल्लाका पाँच वर्ष मुनिका एक करोड ३५ लाख बालबालिकालाई सो खोप दिइने जानकारी मन्त्रालयले दिएको छ।

पाकिस्तानका खैबर पाक्थुन्क्वा र पञ्जाव प्रान्तका बालबालिकामा विशेषगरी सो खोप बढी केन्द्रित गरिने पनि जनाइएको छ । पाकिस्तानमा पछिल्ला केही वर्षयता पोलियोका विरामी भेटिन थालेकाले सरकारले यो खोपलाई अभियानका रुपमा देशभरि दिने कार्यक्रमहरु ल्याएको छ।

पाकिस्तानी स्वास्थ्य अधिकारीहरुका अनुसार यहाँ यसवर्षमात्र कम्तीमा पनि २० जनामा पोलियोको प्रकोप देखिएको छ।

ती सबैजना खैबर पाक्थुन्क्वा प्रान्तका रहेका छन् । यस खोप अभियानमा एक लाख स्वास्थ्यकर्मीलाई खटाइएको पाकिस्तानी स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# होटल घेराबन्दीमा चार जनाको मृत्यु

**एएफपी**

मोगादिसु । सोमालियाको राजधानी मोगादिसुको एक लोकप्रिय होटलमा रातभर घेराबन्दी गर्ने अल-शबाब लडाकूहरूले गरेको आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको एक सुरक्षा निकायका अधिकारीले सोमबार एएफपीलाई जानकारी दिएको छ।

आतङ्ककारीहरूले राष्ट्रपति भवननजिकैको होटलमा गोली प्रहार गरेको १२ घण्टाभन्दा बढी समयपछि पनि गोली र विस्फोटको आवाज सुनिएको थियो। बन्दुकधारीहरू सरकारी सेनाले घेरिएको होटलको एउटा कोठामा लुकेका राष्ट्रिय सुरक्षा निकायका एक अधिकारी मोहम्मद दाहिरले एएफपीलाई बताउनु भएको छ।

‘अहिलेसम्म हामीले चार जनाको मृत्यु भएको पुष्टि गरेका छौं’, उहाँले भन्नु भएको छ । अहिलेसम्म घेराबन्दी गरिएको स्थानबाट अन्यको उद्धार गरिएको छ। छिट्टै अवस्था सामान्यमा फर्किने र सरकारी अधिकारीहरु समेत घाइते भएको उहाँले बताउनु भएको छ।

*सोमालियाका अल सेबाब आतक्तकारीहरुले पछिल्लो समयमा सुरक्षाकर्मी, सर्वसाधारण नागरिक एवं विभिन्न भौतिक संरचनाहरुमा पनि आक्रमण गर्ने गरेका छन्।*

सोमालियाका राष्ट्रपति हसन शेख मोहम्मदको कार्यालयबाट केही ब्लकको दूरीमा रहेको राजधानीको सुरक्षित मध्य भागमा रहेको भिल्ला रोज बारम्बार सांसदहरू आउने गरेका बताइएको छ । विगत १५ वर्षदेखि सोमालियाको केन्द्रीय सरकारलाई ध्वस्त पार्ने प्रयास गरिरहेको अल-कायदासँग आबद्ध आतङ्कवादी समूह अल-शबाबले आक्रमणको जिम्मेवारी लिएको छ।

आतङ्ककारीहरुले होटलको गेट र परिसरमा विस्फोट गराएका थिए । सोमबार बिहान प्रहरी सो होटलमा प्रवेश गरेको र उद्धारको काम सुरु भएको बताइएको छ। सोमालियाका अल सेबाब आतङ्ककारीहरुले पछिल्लो समयमा सुरक्षाकर्मी, सर्वसाधारण नागरिक एवं विभिन्न भौतिक संरचनाहरुमा पनि आक्रमण गर्ने गरेका छन्।

# राष्ट्रिय क्रिकेट प्रतियोगिता सुदूरपश्चिम विजयी

काठमाण्डु । यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता सुदूरपश्चिम प्रदेशले प्रदेश नं १ लाई पराजित गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा सुदूरपश्चिमले प्रदेश नं १ लाई दुई सय १३ रनको फराकिलो अन्तरले पराजित गर्दै विजयी भएको हो।

प्रतियोगितामा लगातार चौथो जितसँगै सुदूरपश्चिम फाइनल नजिक पुगेको छ। जितको लागि दुई सय ६५ रनको विजयी लक्ष्य पछ्याएको प्रदेश नं १ १६.३ ओभरमा ५१ रनमा समेटियो । प्रदेश नं १ का भूपाल दङ्गालले ३२ बलमा १० रन बनाए। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

सुदूरका हेमन्त धामीले ५ विकेट लिए भने आकाश चन्दले ३ विकेट लिए। मिलन बोहराले २ विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ थालेको सुदूरले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै दुई सय ६४ रन बनायो । सुदूरको लागि कप्तान अनुराग सिंहले सर्वाधिक ८३ रनको योगदान दिए । मिलन बोहराले ६४ रन जोडे । दीपक बोहराले ३२, आकाश चन्दले २० तथा विशाल ऐरले १३ रन जोडे । प्रदेश नं १ का अभिनय राजवंशीले ४ विकेट लिए भने आषिश मगर र दीपेश कँडेलले समान २ विकेट लिए ।रासस

# विश्वकप फुटबलमा क्रोएसियाद्वारा क्यानडा पराजित

काठमाण्डु । कतारमा जारी फिफा विश्वकप फुटबलमा क्रोएसियाले क्यानडालाई पराजित गर्दै पहिलो जित दर्ता गरेको छ।

कतारको खालिफा अन्तर र्ष्ट्रिय स्टेडियममा सोमबार भएको खेलमा क्रोएसियाले क्यानडालाई ४-१ गोल अन्तरले हराउँदै पहिलो जित दर्ता गरेको हो। क्रोएसियाको जितमा आन्द्रेज क्रमारिचले दुई गोल गरे भने मार्को लिभाजा र लेभ्रो माजेरले समान एक एक गोल थपे गरे।

यसैगरी क्यानडाका अल्फान्सो डाभिसले एक गोल फर्काए। खेलमा सुरुआती अग्रता भने क्यानडाले बनाएको थियो। खेलको दोस्रो मिनेटमा डाभिसले गोल गर्दै क्यानडालाई अग्रता दिलाएका थिए तर, खेलको ३६ औं मिनेटमा क्रोएसियाका क्रमारिचले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए।

यसपछि खेलको ४४ औं मिनेटमा लिभाजाले गोल गर्दै क्रोएसियालाई २-१ को अग्रता दिलाए। खेलको ७० औं मिनेटमा क्रमारिचले व्यक्तिगत दोस्रो गोल गर्दै क्रोएसियालाई ३- १ को अग्रता दिलाए । यसपछि खेलको इन्जुरी समयमा माजेरले गोल गर्दै क्रोएसियालाई ४-१ को जित दिलाए।

यस जितसँगै समूह ‘एफ’ को क्रोएसियाले दुई खेलमा चार अङ्क जोडेको छ। क्यानडाको यो लगातार दोस्रो हार हो र क्यानडा प्रतियोगिताबाट बाहिरिएको छ ।रासस

# स्पेन र जर्मनीको खेल बराबरी

काठमाण्डु । कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ मा स्पेन र जर्मनीले बराबरी खेल्दै अङ्क बाडेका छन्।

अल बेयत रङ्गशालामा आज बिहान सम्पन्न खेलमा स्पेन र जर्मनीले १-१ गोलको बराबरी खेल्दै अङ्क बाडेका हुन् । निकै प्रतिस्पर्धात्मक बनेको खेलको ६२ औं मिनेटमा अल्भारो मोराटाले गोल गर्दै स्पेनलाई १-० को अग्रता दिलाएका थिए। यसपछि खेलको ८३ औं मिनेटमा जर्मनीका खेलाडी निकलस फूलक्रुगले गोल गर्दै खेललै १-१ गोलको बराबरी ल्याए। यस बराबरीसँगै समूह ‘ई’ बाट दवबै टोलीको नकआउट सम्भावना कायम रहेको छ। स्पेनले दुई खेलमा चार अङ्क जोडेको छ भने जर्मनी दुई खेलमा एक अङ्क जोडेर पुछारमा रहेको छ ।रासस

# क्यामरुन र सर्बियाले बराबरी खेले



काठमाण्डु । कतारमा जारी फिफा विश्वकप-२०२२ अन्तर्गत समूह ‘जी’ को खेलमा क्यामरुन र सर्बियाले बराबरी खेल्दै अङ्क बाँडेका छन्।

कतारको अल जनौब रङ्गशालामा सोमबार भएको खेलमा दुवै टोलीले ३-३ गोलको बराबरी खेल्दै अङ्क बाँडेका हुन् । खेलको २९औं मिनेटमा जिन क्यास्टेलेट्टोले गोल गरेपछि क्यामरुनले अग्रता बनाएको थियो। पहिलो हाफको अतिरिक्त समयमा दुई गोल गरी सर्बिया खेलमा फर्कियो।

अतिरिक्त समयको पहिलो मिनेटमा दुसान ट्र्याडिकको पासमा स्टारिन्जा पाब्लोभिचले बराबरी गोल गरे । त्यसको दुई मिनेटपछि मिलान्कोभिच सेभिचले अर्को गोल गर्दा सर्वियाले पहिलो हाफमा २-१ को अग्रता बनायो।

खेलको ५३औं मिनेटमा अलेक्ज्यान्दर मित्रोभिचले गोल गर्दा सर्बियाले ३-१ को अग्रता बढायो । तीन मिनेटको अन्तरमा दुई गोल फर्काउँदै क्यामरुनले ६६औं मिनेटमा खेल बराबरीमा ल्यायो । खेलको ६३औं मिनेटमा भिन्सेन्ट अबुवाकर र ६६औं मिनेटमा चुपो मोटिङले गोल गरेपछि खेल ३-३ गोलको बराबरीमा सकियो।

यस समूहमा ब्राजिल र स्वीटजरल्यान्डको समान ३-३ अङ्क छ। सर्बिया र क्यामरुनले बराबरीका साथ १-१ अङ्क बाँड्दै खाता खोलेका छन् ।रासस

# पहिरोमा परी चौधको मृत्यु, केही हराए

**सिन्ह्वा**

याओन्दे । क्यामरुनको राजधानी याओन्देमा आइतबार पहिरोमा परेर कम्तीम पनि १४ जनाको ज्यान गएको बताइएको छ। सोमबार यहाँको प्रहरीले दिएको जानकारीअनुसार पहिरोमा परेर यहाँका १४ जनाको ज्यान गएको छ भने अरु केही हराइरहेका छन्। यहाँ पछिल्लो समयमा बाढी र पहिरोको प्रकोप बढेको बताइएको छ। यस क्षेत्रका नागरिकको मुत्यु संस्कारका क्रममा जम्मा भएका नागरिक पहिरोमा परेका थिए।

त्यस क्रममा जम्मा भएका १४ जनालाई पहिरोले लगेको र अरु केही भाग्न सफल भएका थिए। त्यसमा परेर केही व्यक्ति हराएका र उनीहरुको खोजी जारी रहेको प्रहरीले जानकारी दिएको छ ।प्रहरी घटनास्थलमा पुगेको र उद्धार तथा खोजीको काम जारी राखेको बताइएको छ।

# तराई–मधेशमा चार हजार मेगावाट विद्युत् खपत गर्ने प्रसारण सञ्जाल बनाइँदै



काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले देशभित्र उत्पादित विद्युत् आन्तरिकरुपमै खपत बढाउनका लागि तराई-मधेशका जिल्लामा करिब चार हजार मेगावाट विद्युत् खपत गर्न सक्ने गरी प्रसारण सञ्चालन बनाउने भएको छ ।

प्राधिकरणले सन् २०५० भित्रमा मधेश प्रदेशका बारा, पर्सा, रौतहट, महोत्तरी, धनुषालगायतका जिल्लाका दक्षिणी भेगमा हुने मानवबस्ती र औद्योगिक क्षेत्र बिस्तारलाई ध्यान दिएर उच्च क्षमताको प्रसारण लाइन करिडोर निर्माण गर्न लागेको हो । जसअन्तर्गत भारतसँगको दक्षिणी सीमास्थित हुलाकी राजमार्गको समानान्तर रुपमा चार सय केभी क्षमताको चार सर्किट प्रसारण लाइन र सवस्टेसन निर्माण गरिनेछ ।

चार वटा सर्किटमध्ये प्रारम्भिक चरणमा माथिल्लो दुई सर्किट चार सय केभी र तल्लो दुई सर्किट एक सय ३२ केभी क्षमताका प्रसारण लाइन सञ्चालन ल्याउने गरी प्रसारण लाइन करिडोरको निर्माण गरिने छ ।

स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि ठाउँ-ठाउँमा सवस्टेसनको निर्माण गरिने छ । अहिले प्रस्तावित प्रसारण लाइनको रुट र सवस्टेसन रहने स्थान तय गर्ने काम भइरहेको छ ।बारा-पर्सा औद्योगिक करिडोर अन्तर्गत वीरगञ्ज क्षेत्रमा करिब तीन हजार दुई सय र जनकपुर क्षेत्रमा आठ सय मेगावाट विद्युत् खपत गर्ने गरी प्रसारण सञ्जाल पूर्वाधार निर्माण गरिने छन् । यसबाट सहर र औद्योगिक क्षेत्र बिस्तारको प्रचुर सम्भावना रहेको मधेश प्रदेशका जिल्लामा पर्याप्त, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति हुनेछ ।

प्रसारण लाइन तथा सवस्टेसन निर्माणका लागि रु ५० अर्बभन्दाबढी रकम खर्च हुनेछ । यो रकम नेपाल सरकार तथा विद्युत् प्राधिकरणको लगानी, भारतीय एक्जिम बैंक, एसियाली विकास बैंकलगायतको सहुलितपूर्ण ऋणबाट जुटाइने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताउनुभयो ।

प्राधिकरणका कार्यकारीनिर्देशक घिसिङ, परामर्शदातालगायत सम्मिलित उच्चस्तरीय टोलीले शनिबार र आइतबार प्रस्तावित लाइन निर्माणस्थलको स्थलगत अनुगमन भ्रमण गरी चार सय र एक सय ३२ केभी क्षमताका प्रसारण लाइन तथा सवस्टेसन निर्माणका लागि सम्भावित ठाउँ, विद्युत् माग तथा खपतको अवस्था लगायतका विषयमा जानकारी लिएको छ ।

कार्यकारी निर्देशक घिसिङले आन्तरिक रुपमा खपत बढाउन र देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतर्फ निर्यातका लागि दक्षिण करिडोर प्रसारण लाइन चरणबद्ध रुपमा निर्माण गर्न लागिएको बताउनुभयो ।

“पहिलो चरणमा खपत वृद्धिका लागि तत्काल आवश्यक पर्ने प्रसारण लाइन र सवस्टेसन, दोस्रो चरणमा दक्षिण करिडोर मुख्य लाइन र तेस्रो चरणमा अन्तरदेशीय विद्युत् व्यापारका लागि क्रसबोर्डर प्रसारण लाइन निर्माण गरिनेछ”, घिसिङले भन्नुभयो । उहाँका अनुसार केही प्रसारण लाइन तथा सवस्टेसन निर्माण भइरहेका छन् भने केही तत्काल सुरु हुँदैछन् । अन्य दीर्घकालीन रुपमा निर्माण गर्ने गरी सवस्टेसनका लागि जग्गा लिने, प्रसारण लाइनको रुट तय गर्ने, वातावरणीय अध्ययनका लागि प्रक्रिया सुरु गर्नेलगायतका काम भइरहेका छन् ।

उहाँले भारतको मोतिहारी, सीतामणि, जयनगर विन्दुतर्फ पनि विद्युत् निर्यात गर्न सकिने बताउनुभयो । बारा-पर्सा औद्योगिक करिडोरमा सञ्चालनमा रहेका र आगामी दिनमा खुल्ने उद्योगलाई लक्षित गरी पर्साको पोखरिया र बाराको निजगढमा चार सय केभीको सवस्टेसन निर्माणका लागि प्रक्रिया अगाडि बढाइसकेको छ । त्यही चार सय केभी लाइनलाई हुलाकी राजमार्गको समानान्तर रुपमा जनकपुरतिर बिस्तार गरिनेछ । बाराका प्रसौनीमा एक सय ३२ केभी क्षमताका सवस्टेसन निर्माणका लागि जग्गा अधिग्रहण गरिएको छ ।

जनकपुर क्षेत्रको विद्युत् आपूर्तिलाई भरपर्दो र गुणस्तरीय बनाउन धनुषाको ढल्केबरबाट महोत्तरीको लोहरपट्टीसम्मका एक सय ३२ केभी क्षमताका सवस्टेसनको निर्माण भइरहेको छ । लोहरपट्टीमा एक सय ३२ केभी सवस्टेसन निर्माणाधीन छ । यसैगरी ढल्केबर-बालगङ्गा एक सय ३२ केभी क्षमताका प्रसारण लाइन पनि निर्माणाधीन छ ।रासस

# टीबीएसको एओजी सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालका लागि टीबीएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले शनिबार बिर्तामोडदेखि कन्यामसम्म अपाचे ओनरस् ग्रुप (एओजी) राइडको धुमधामसँग आयोजना सम्पन्न गरेको छ ।

तीस जना राइडरहरुको सहभागिता रहेको उक्त कार्यक्रममा अपाचे राइडरहरु यात्राको क्रममा विभिन्न मनोरञ्जनात्मक गतिविधिहरूमा संलग्न भए, नेपालको प्रसिद्ध पर्यटकीय गन्तव्य कन्यामको अवलोकन गरेर कार्यक्रम आयोजना गरेकोमा खुसी व्यक्त गर्दै टीबीएसको प्रशंसा पनि गरे ।

टीबीएसले काठमाडौं, कोशी, गण्डकी, लुम्बिनी, नारायणी लगायत देशका विभिन्न स्थानमा एओजी राइड कार्यक्रम आयोजना गरेको छ । अत्याधिक रुचाइएको यो अभियान नेपालका अन्य क्षेत्रमा पनि आयोजना गर्ने योजना रहेको कम्पनीले जनाएको छ ।

राइडका एक सहभागी तथा भ्लगर, अनुप श्रेष्ठ भन्छन्, ‘टीबीएसले पहिला पटक पूर्वी नेपालमा यस्तो राइडको आयोजना गरेको छ ।

जगदम्बा मोटर्सलाई पूर्वी नेपालमा बाइकरहरुको समुदाय बनाएर हामीलाई बाइकिङ प्रविधि सिक्ने मौका दिएकोमा धन्यवाद दिन चहान्छौं ।’

उनी यतिमा रोकिएनन्, उनले थपे, ‚हामीले फेसबुक र भाइबरका एओजी राइडर्स नेपाल समूहमा पनि सामेल भयौं जसले हामीलाई आगामी दिनहरुमा टीबीएसले आयोजना गर्ने राइड तथा कार्यक्रमहरूको बारेमा अपडेट राख्नेछ । यसले हामीलाई भविष्यमा पनि यस प्रकारका कार्यक्रमहरूमा भाग लिन उत्सुक बनाएको छा‘

टीबीएसका प्रमुख मार्शल गौरवले सम्पूर्ण कार्यक्रमको अनुगमन गरेका थिए भने सञ्जेश बुढाथोकीले उक्त कार्यक्रमको नेतृत्व गरेका थिए ।

एओजी, अपाचे बाइक भएका राइडरहरूको समुदाय हो, जुन मोटरसाइकल प्रति उनीहरुको प्रेम, जोश, र लगाव बाड्ने एउटा साझा प्लेटफर्म हो ।

भारत तथा अन्य राष्ट्रहरूका अपाचे राइडरहरुले बनेको यस समुदायले सम्पूर्ण राइडरहरुलाई एकजुट बनाएर विभिन्न कार्यक्रम तथा साहसिक खेलहरुमा संलग्न गराउँछ ।

जगदम्बा मोटर्स प्रा लि नेपालमा टीबीएसका दूई पांग्रे सवारी साधनका लागि एक मात्र आधिकारिक वितरक हो। कम्पनीको नेपालभर १४० भन्दा बढी डिलरहरुको बलियो राष्ट्रव्यापी वितरण सञ्जालका साथ टीबीएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल छ । गुणस्तरीय उत्पादनहरु, बिक्री पश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धता मार्फत उपभोक्तालाई दिइएको उच्चतम सन्तुष्टिका कारण आज टिभिएस नेपालको सर्वाधिक रुचाइएको टू-ह्विलर ब्राण्डका रुपमा स्थापित छ ।

# हुन्डाईको विजेता घोषणा




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा हुन्डाईको आधिकारिक वितरक लक्ष्मी इन्टर कन्टिनेन्टलले ‘रोड टु फिफा वर्ल्ड कप २०२२ फाइनल’को विजेता घोषणा गरेको छ ।

विजेताले कम्पनीको तर्फबाट विश्वकपको फाइनल प्रत्यक्ष हेर्न कतार जान पाउनेछन् ।

यसैगरी हिजो कम्पनीले हुन्डाई मोटरको ‘गोल अफ द सेन्चुरी’ अभियान अन्तर्गतको ‘टेस्ट ड्राइभ एन्ड विन’ शीर्षकको विश्वकप लक्षित अर्को क्याम्पेनका विजेताहरूलाई पनि कतारका लागि विदाई गरेको थियो । हुन्डाई मोटरको ‘ गोल अफ द सेन्चुरी’ अन्तर्गत हुन्डाईको टेस्ट ड्राइभ एण्ड विन, फुटबलको विश्वव्यापी अपीलमार्फत विश्वभरका मानिसहरूलाई दिगोपना सम्बन्धी कार्यहरुमा सहभागी गराउने उद्देश्यले गरिएको थियो ।

कार्यक्रम अवधिभर नेपाल भरका ड्राइभिङ लाइसेन्स भएका जोकोहीले हुन्डाईको जुनसुकै गाडीको टेस्ट ड्राइभ गरेर उक्त क्याम्पेनमा सहभागी हुन सक्ने थिए । र यसरी सहभागी भएका हजारौं ग्राहकहरूमध्ये हस्तमाया गुरुङ र शेरबहादुर जिसी ‘टेष्ट ड्राइभ एण्ड विन’ का भाग्यशाली विजेता चुनिएका छन् ।

हिजै दुवैजना विजेताहरू आफूलाई मनपर्ने एक जनासँगै विश्वकपको एउटा खेल प्रत्यक्ष हेर्न कतार प्रस्थान गरेका छन् ।

# बैंक तथा वित्तीय संस्थालाई क्षेत्रगत कर्जा विस्तारमा राष्ट्र बैंकको राहत



काठमाण्डु । बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकमको अभावको समस्या हट्न नसकेपछि नेपाल राष्ट्र बैंकले क्षेत्रगत कर्जा विस्तारमा केही सुविधा दिएको छ । राष्ट्र बैंकले आइतबार चालू आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको प्रथम त्रैमासिकको समीक्षा गर्दै क्षेत्रगत कर्जा विस्तार गरिसक्नुपर्ने समयसीमामा बैंक तथा वित्तीय संस्थालाई केही सहज बनाइदिएको हो ।

“तरलतामा देखिएको दबाबलाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा कर्जा प्रवाह नगरेमा २०८० असार मसान्तका आधारमा २०८० पुसदेखि हर्जना गणना गर्ने व्यवस्था मिलाइनेछ”, मौद्रिक नीतिको समीक्षा प्रतिवेदनमा भनिएको छ । राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि कृषि, ऊर्जा, लघु, घरेलु तथा साना उद्योगलगायतका क्षेत्रमा तोकिएको समयभित्र निश्चित प्रतिशत कर्जा विस्तार गरिसक्न भनेको छ ।

त्यसरी तोकिएको क्षेत्र र समयभित्र कर्जा विस्तार गर्न नसक्ने बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले कारबाहीसमेत गर्नेछ । तरलता अभाव समस्याले कर्जा विस्तारमा समेत नकारात्मक असर देखिएपछि राष्ट्र बैंकले लचक नीति अपनाएको हो । राष्ट्र बैंकको नीतिअनुसार वाणिज्य बैंकले आफ्नो कूल कर्जा लगानीमा २०८० असार मसान्तसम्म १३ प्रतिशत, २०८१ असार मसान्तसम्म १४ प्रतिशत र २०८२ असारसम्म १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा गरिसक्नुपर्छ ।

विसं २०७९ असोजसम्ममा वाणिज्य बैंकले कृषि क्षेत्रमा रु पाँच खर्ब १९ अर्ब ५७ करोड अर्थात् कूल प्रवाह भएको कर्जाको १२ दशमलव ३८ प्रतिशत कर्जा प्रवाह गरेका छन् । चालू आर्थिक वर्षको अन्तसम्ममा यस्तो कर्जा कूल कर्जा रकमको १३ प्रतिशत पुगिसक्नुपर्ने र नपुगेमा हर्जना तिर्नुपर्ने हुन्थ्यो । त्यस्तै वाणिज्य बैंकले कूल कर्जा लगानीको निश्चित प्रतिशत ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्छ । ‘क’ वर्गका बैंकले २०८० असार मसान्तसम्म सात प्रतिशत, २०८१ असार मसान्तसम्म आठ प्रतिशत र २०८२ असार मसान्तसम्म १० प्रतिशत कर्जा ऊर्जा क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ । चालू आर्थिक वर्षको असोज मसान्तसम्ममा उनीहरुले ऊर्जा क्षेत्रमा रु दुई खर्ब ४५ अर्ब नौ करोड अर्थात् पाँच दशमलव ८४ प्रतिशत मात्रै कर्जा प्रवाह गरेको देखिन्छ ।

त्यसैगरी वाणिज्य बैंकले कूल कर्जा लगानीको न्यूनतम २०८० असार मसान्तसम्म १२ प्रतिशत, २०८१ असार मसान्तसम्म १३ प्रतिशत र २०८२ असार मसान्तसम्म १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवं मझौला उद्यमका क्षेत्रमा गरिसक्नुपर्छ । गत असोज मसान्तसम्ममा यस्तो कर्जा विस्तार रु तीन खर्ब ९८ अर्ब २१ करोड अर्थात् नौ दशमलव ४९ प्रतिशत बराबर छ । यसमा रु एक करोडभन्दा कम रकमका कर्जा तथा प्रत्यक्ष रुपमा प्रवाह भएका विपन्न वर्ग कर्जा पनि समावेश गरिएको छ ।

राष्ट्र बैंकको नीतिअनुसार विकास बैंकले २०८० असार मसान्तसम्म कूल कर्जा लगानीको १९ प्रतिशत र २०८१ असार मसान्तसम्ममा २० प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । गत असोज मसान्तमा ‘ख’ वर्गका वित्तीय संस्थाले उक्त क्षेत्रमा औसत २६ दशमलव ११ प्रतिशत अर्थात् रु एक खर्ब १३ अर्ब ८० करोड बराबर कर्जा लगानी गरेका छन् ।

त्यसैगरी वित्त कम्पनीले २०८० असार मसान्तसम्म कूल कर्जा लगानीको १४ प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकामा २०७९ असोज मसान्तमा उक्त क्षेत्रमा औसत २१ दशमलव २२ प्रतिशत बराबर कर्जा प्रवाह भएको छ । त्यो रकममा रु १८ अर्ब ३७ करोड बराबर हो ।

बैंक तथा वित्तीय संस्थाले आफ्नो कूल कर्जा सापटको न्यूनतम पाँच प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था पनि राष्ट्र बैंकले गरेको छ । गत असोज मसान्तमा वाणिज्य बैंकहरुले औसत छ दशमलब सात प्रतिशत, विकास बैंकले ११ दशमलब पाँच प्रतिशत र वित्त कम्पनीले सात दशमलव चार प्रतिशत कर्जा विपन्न वर्गमा लगानी गरेका छन् ।रासस

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति: २०७९/०८/१३

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी विकास बैंक लि.) को धनुषाधाम शाखा कार्यालयबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधावापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।


यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **“धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना”** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरि दिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सुचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स एस.एम.ई. (अधिबिकर्ष )**
**ऋणीको नाम : इन्दु किराना पसल**
रजिष्टर्ड ठेगाना : धनुषा गोविन्दपुर गा.वि.स.वडा नं.-३, धनुषा
रजिष्ट्रेशन नं. : ५७७४/४५/०७०/०७१ (घरेलु तथा साना उद्योग कार्यालय, धनुषा)
पान नं. : ६०१२०५९९६


**प्रोप्राईटरको नाम र ठेगानाः**
**नाम : जोगिन्दर मुखिया**
बाबु : सेवक विन
बाजे : शिवलाल विन
ठेगाना : धनुषागोबिन्दपुर-३, धनुषा
हाल : धनुषाधाम न.पा.-२, धनुषा
ना.प्र.नं. : २६३२१९१७
जारी मिति : २०६१/०४/२२
जि.प्र.का. : धनुषा




**जमानीकर्ताहरुको नाम र ठेगाना**
**१. नाम : सेवक विन**
बाबु : शिवलाल विन
वाजे : गेनाई विन
ठेगाना : धनुषागोबिन्दपुर-३, धनुषा
हाल : धनुषाधाम नगरपालिका-२, धनुषा
ना.प्र.नं. : ४३१८३२८०
जारी मिति : २०४५/०१/१८
जि.प्र.का. : धनुषा



**२. नाम : पारवती देबी विनिन**
बाबु : फुलधारी मुखिया
ससुरा : शिवलाल विन
ठेगाना : धनुषागोबिन्दपुर-३, धनुषा
हाल : धनुषाधाम नगरपालिका-२, धनुषा
ना.प्र.नं. : २६३२३१३५
जारी मिति : २०४५/०१/२६
जि.प्र.का. : धनुषा



**३. नाम : देव सुनैर देवी**
बाबु : लोचन मुखिया विन
ससुरा : सेवक विन
ठेगाना : धनुषागोबिन्दपुर-३, धनुषा
हाल : धनुषाधाम नगरपालिका-२, धनुषा
ना.प्र.नं. : १७३०४७/५२२
जारी मिति : २०६३/१०/१०
जि.प्र.का. : धनुषा



**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको :- जोगिन्दर मुखिया**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल (बिगाहा) | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | धनुषा गोबिन्दपुर | १ | ५७२ | ०-०-५-० | सो जग्गामा निर्माण भएका सम्पूर्ण भवन हरु तथा सो को लिगलगापात समेत । |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# सधैं मल र बीउकै अभाव

सप्तरी । उहाँ हुनुहुन्छ, रैजमुन खातुन । घर सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-२ लौनियाँ । उहाँले दुई लाख ५० हजार लगानी गरेर चार बिघा खेतमा धानखेती गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, “साहुबाट ऋण सापटी लिएर लगानी त गरेँ तर समयमा सिँचाइ र मल नहुँदा सोचेजस्तो धान उत्पादन हुने सम्भावना देखिँदैन ।”

खेत पनि आफ्नै होइन, प्रायजसो खेत भाडाको हुन्छ जसको कुत तिर्नुपर्छ साहुलाई । “ गिरहत (भाडा) को कर र वर्ष दिनको खाद्यानको जोहो गर्न पनि धौधौ छ”, रैजमुन भन्नुहुन्छ, “धानखेतीका लागि लिएको ऋण चुक्ता गर्न पाएको छैन, गहुँखेती कसरी गर्ने भन्ने तनावले पिरोलिन थालेको छ ।” पछिल्लो समयमा मल र बीउ नपाएर गहुँखेती राम्ररी गर्न नपाएका यहाँका कृषक यस वर्ष पनि उस्तै पीडामा छन् । आउने मौसममा अवस्था सध्रिएला भन्ने आशमा रहेका किसानसँग प्रत्येक उही तनाव, उही चुनौती र उस्तै पीडा रहने गरेको अर्का किसान चन्द्रनारायण मण्डल बताउनुहुन्छ ।

“किसानको समस्या समाधानका नाममा राज्यसँग एक थान आश्वासन मात्रै हुन्छ कि आउने मौसममा मलको अभाव हुँदैन, समयमै बीउबिजनको व्यवस्था गरिन्छ, सिँचाइको प्रवर्द्धन मिलाइने छन् । तर, आखिर कहिले ?”, प्रश्न गर्दै मण्डल भन्नुहुन्छ, “ आश्वासनले मात्रै किसानको समस्या सामाधान हुने होइन ।”

यतिखेर धान भित्र्याउन व्यस्त रहेका सप्तरीका किसानलाई गहुँबालीका लागि बीउ तथा मलको कारण चिन्तित तुल्याएको छ । मलका निम्ति किसानलाई सडक आन्दोलनदेखि जिल्ला प्रशासन कार्यालय घेराउसम्म नै गर्नुपरेको थियो । तर पनि आवश्यक मलखाद पाउन सकिएको थिएन । यद्यपि प्रशासनदेखि जनप्रतिनिधिसम्मले अब आउने सिजनमा मल तथा बीउबिजनको अभाव नहुने प्रतिबद्धता भने जनाएका थिए ।

जहिले पनि किसानका लागि मलखाद तथा बीउबिजनको अभाव नै रहने गरेको अर्का किसान अताबुल मन्सुरीको गुनासो छ । मलको अभावमा पछिल्लो मौसम गहुँखेतीमा घाटा बेहोर्नुपरेको र त्यस्तै अवस्था धानका बेला पनि झेल्नुपरेको उहाँ बताउनुहुन्छ । “प्रतिकट्ठा डेढदेखि दुई मन (६० देखि ८० केजी) सरदर उब्जाउ हुने गहुँ मलको अभावमा कट्ठाको १० देखि १५ केजी उब्जियो, धानको पनि उस्तै अवस्था छ”, अताबुल भन्नुहुन्छ, “यस्तै अवस्था रहिरहे बचेका किसान पनि खेतीबाट विस्थापित हुन बेर लाग्दैन ।”

यस भेगका किसानले लगाउने मुख्य बाली धान र गहुँ हो । धान बाढी वर्षाले बर्बाद भएको तथा गहुँबाली लगाउन मलदेखि बीउबिजनसम्मको अभावले अन्न उपलब्धतामा कमी आउने हो भन्नेमा किसान चिन्तित छन् । निर्वाहमुखी खेती गर्ने यस भेगका किसानलाई वर्ष दिने के खाने र कसरी जीवन निर्वाह गर्ने चिन्ता र चुनौती दुवै थपिएको तिलाठीका अगुवा कृषक श्यामप्रसाद कामैत बताउनुहुन्छ ।

सप्तरीमा वार्षिक २३ हजार आठ सय ५७ मेट्रिकटन युरिया, १२ हजार सात सय ८४ मेट्रिकटन डिएपी र नौ हजार २४ मेट्रिकटन पोटास आवश्यक पर्ने तथ्याङ्कले देखाउँछ । तीमध्ये हाल चार सय नौ मेट्रिकटन डिएपी र दुई सय ८३ मेट्रिकटन युरिया हाल उपलब्ध रहेको छ । यसैबीच सप्तरीका किसानलाई समयमै आवश्यक मल र बीउबिजन उपलब्धताको वातावरण मिलाइ दिन आग्रह गर्दै यहाँका स्थानीय तहका प्रमुखले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्रसमेत पठाएको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी गराउनुभयो ।रासस

# रेल चढेर आए दश हजार श्रद्धालु

**टुडे समाचारदाता**

जनकपुरधाम। सप्ताहव्यापी सीताराम विवाहपञ्चमीमा सहभागी हुन दश हजार श्रद्धालु रेल चढेर जनकपुरधाम आएका छन्।

सामेबार सम्मको विवरण अनुसार करिब दश हजार श्रद्धालु भारतबाट जनकपुरधाम आएका छन्।



एक सातादेखि जनकपुरधाम-जयनगर रेलमा ९० प्रतिशत भारतीय र दश प्रतिशत नेपालीले ओहोरदोहोर गरिरहेको जनकपुरधाम रेल्वे स्टेशनका टिकट विक्रेता सन्तुकुमार यादवले जानकारी दिए।

उनका अनुसार सीताराम विवाहपञ्चमी सुरु भएपछि दैनिक जयनगरबाट आउने यात्रुको चाप बढेको छ।

उनका अनुसार सोमबार सीताराम विवाहपञ्चमीको मुख्य दिन नै तीन हजार पाँच सय ५० जना जयनगरबाट जनकपुरधाम आएका छन्।

सोमबार नै जनकपुरधामबाट तीन हजार तीन सय ३३ जना पुनः जनकपुरधामबाट जयनगर प्रस्थान गरेको उनले जनाएका छन्।

आइतबार सीतारामको मटकोर भएको दिन दुई हजार पाँच सय ७३ जना जयनगरबाट जनकपुरधाम आएको र एक हजार फर्किएको उनले बताए।

विवाहपञ्चमीको भीडमा हुनसक्ने सम्भावित घटनालाई रोक्नका लागि जनकपुरधाममा सुरक्षा व्यवस्था कडा पारिएको छ।

भीडभाडमा हुनसक्ने अपराधिक घटनालाई रोक्न नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई समेत खटाइएको छ। मंगलबार विवाहपञ्ची सम्पन्न हुनेछन्। विगतभन्दा यस वर्ष श्रद्धालु वृद्धि भएको छ। जनकपुरधाम भरिभराउ छन्।

जनकपुरधामको रंगभूमि मैदान बाह्रविघा, तिरहुतिया गाछी, मठ मन्दिर लगायतको खाली ठाउँमा श्रद्धालुहरु खचाखच भरिएका छन्।

घरको प्यासेज, सडक र सडक पेटीमा पनि श्रद्धालुहरु रात बिताउन बाध्य छन्। ठाउँ-ठाउँमा श्रद्धालुलाई सेवाको लागि शिविर चलाइएको छ।

यद्यपि श्रद्धालुको चापमा वृद्धि देखिएपछि केही श्रद्धालु सेवाबाट लिन पाएका छैनन्। बास, खानेपानी र शौचालयको उचित व्यवस्थापन हुन सकेको छैन।

# हत्या आरोपमा दुई जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। सिरहामा ३२ वर्षीय रामशंकर यादवको हत्या आरोपमा दुई जना पक्राउ परेका छन्।



हत्या आरोपमा दुई जना पक्राउ परेका छन्।

बरियारपट्टी गाउँपालिका १ का उनको हत्या आरोपमा सोही ठाउँका ४८ वर्षीय दिप्पु भनिने दीपेन्द्र कुमार यादव र ४२ वर्षीय अजयकुमार साह पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

कार्यालयको अनुसार गएको शुक्रबार नरगी बडहरी टोलस्थित रामशंकरको शव फेला परेको थियो।

हत्या भएको जाहेरी रामशंकरको परिवारले दिएपछि अनुसन्धान गरी प्रहरीले उनीहरुलाई लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरेका छन्। पक्राउ परेकाहरुमाथि कर्तव्य ज्यान सम्बन्धी मुद्दा चलाइएको छ।

# सर्लाहीमा प्रदेश र प्रतिनिधिसभामा ६ जना दोहोरिए

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीमा प्रतिनिधिसभामा दुई जना र प्रदेशसभामा चार जना दोहोरिएका छन्।

यहाँ चार प्रतिनिधिसभा निर्वाचन क्षेत्र मध्ये माओवादी केन्द्रले दुई, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले एक र स्वतन्त्र उम्मेदवारले एक स्थानमा विजयी प्राप्त गरेका छन्।

त्यस्तै, प्रदेशसभातर्फ आठ निर्वाचन क्षेत्रमध्ये कांग्रेसले तीन, नेकपा (एकीकृत समाजवादी), माओवादी केन्द्र, लोसपा, जसपा र स्वतन्त्र उम्मेदवारले एक/एक स्थानमा जित निकालेका छन्। क्षेत्र नम्वर १ मा प्रतिनिधिसभा सदस्यमा नयाँ अनुहार निर्वाचित भएका छन्।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित लोकतान्त्रिक समाजवादी पार्टीका रामप्रकाश चौधरीले २४ हजार ८३८ मत प्राप्त गर्दा दोस्रो भएका स्वतन्त्र उम्मेदवार मानबहादुर खड्काले १८ हजार ४०४ र तेस्रो भएका निवर्तमान सांसद प्रमोद साहले १४ हजार २५५ मत प्राप्त गरेका छन्।

क्षेत्र नम्वर १ को (क) र (ख) दुबै प्रदेश निर्वाचन क्षेत्रमा यसअघिकै प्रदेशसभा सदस्यमा दोहोरिएका छन्। १ (क) मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का उपेन्द्र महतो १२ हजार २६५ मतसहित दोस्रो पटक निर्वाचित भएका छन्।

महतोले माओवादी केन्द्रका रामचन्द्र सिंह कुशवाहालाई दुई हजार १२८ मतले पराजित गरेका छन्। १ (ख) मा जिल्लाभरमै सबैभन्दा धेरै छ हजार ३८८ मतान्तरले नेकपा (एकीकृत समाजवादी) पार्टीकी बेची लुंगेली निर्वाचित भएकी छन्।

लुंगेलीले १३ हजार ३०१ मत प्राप्त गर्दा उनकी निकटतम प्रतिद्वन्दी नेकपा एमालेकी शान्तिकुमारी लामाले छ हजार ९१३ मतमै सीमित भइन। क्षेत्र नम्वर २ मा प्रतिनिधिसभा सदस्यतर्फ पुरानै अनुहारका रुपमा नेकपा माओवादी केन्द्रका महिन्द्र राय यादव निर्वाचित भएका छन्।

यादव २३ हजार ५२९ मत ल्याइ विजयी हुँदा उनका प्रतिद्वन्दी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का राजेन्द्र महतो २१ हजार ५१८ मत प्राप्त गरेका छन्। क्षेत्र नम्वर २ को प्रदेशसभा सदस्यतर्फ भने दुबै जना नयाँ अनुहार निर्वाचित भएका छन्।

२ (क) मा नेपाली कांग्रेसका जङ्गिलाल राय आठ हजार २९० मतसहित निर्वाचित हुँदा माओवादी केन्द्रका सुनिल कुमार साह सात हजार २१४ मत प्राप्त गरेका छन्। यहाँ निवर्तमान प्रदेशसभा सदस्य गौरीनारायण साह यो पटक उम्मेदवार थिएनन्।

२ को (ख) मा पनि नयाँ अनुहार निर्वाचित भएका छन्। यहाँ नेपाली कांग्रेसका कौशलकिशोर राय जिल्लामै सबैभन्दा कम १७९ मतको अन्तरले विजयी भएका छन्।

रायले नौ हजार ६२६ मत प्राप्त गरी विजयी हुँदा लोसपाका मेथुर चौधरी नौ हजार ४४७ मतसहित दोस्रो र निवर्तमान प्रदेशसभा सदस्य अशोक यादव आठ हजार ९४० मतसहित तेस्रो भएका छन्। त्यस्तै,क्षेत्र नम्बर ३ को प्रतिनिधिसभा सदस्यमा नयाँ अनुहार आएका छन्।

यहाँ संविधानसभा सदस्यसमेत रहेका नेकपा एमालेका हरि उप्रेती ३२ हजार ९३८ मतसहित विजयी हुँदा माओवादी केन्द्रका नरेन्द्र साह कलवार ३२ हजार १६८ मत ल्याएका छन्।

यहाँका निवर्तमान सांसद रामेश्वर राय यादव प्रतिस्पर्धामा थिएनन्। क्षेत्र नम्वर ३ को दुबै प्रदेशसभा सदस्य निर्वाचन क्षेत्रमा नयाँ अनुहार निर्वाचित भएर आएका छन्।

३ (क) मा स्वतन्त्र उम्मेदवार जवाहरलाल कुशवाहा १६ हजार ५९१ मतसहित निर्वाचित हुँदा एमालेका गणेश प्रसाद प्रसाई १५ हजार १६६ मतसहित दोस्रो र निवर्तमान प्रदेशसभा सदस्य नेकपा (एकीकृत समाजवादी) पार्टीका डिल्ली प्रसाद उप्रेती पाँच हजार ३७२ मतसहित तेस्रो भएका छन्।

३ (ख) मा भने पुरानै अनुहारका रुपमा जनता समाजवादी पार्टीका सञ्जय कुमार यादव १३ हजार १९० मतसहित पुनः निर्वाचित भएका छन्।

यहाँ स्वतन्त्र उम्मेदवार सरोजकुमार राय आठ हजार ३४८ मतसहित दोस्रो भएका छन्। क्षेत्र नं. ४ को प्रतिनिधिसभा सदस्यमा पुरानै अनुहारका रुपमा स्वतन्त्र उम्मेदवार डा.अमरेशकुमार सिंह निर्वाचित भएका छन्।

२०७० र २०७४ मा नेपाली कांग्रेसबाट निर्वाचित सिंह यो पटक पार्टीबाट टिकट नपाएपछि स्वतन्त्रबाटै प्रतिस्पर्धामा उत्रिएर पार्टीकै उम्मेदवारलाई पराजित गर्दै पुनः सांसदमा दोहोरिएका छन्। सिंह २० हजार १७ मतसहित विजय हुँदा कांग्रेसका नागेन्द्रकुमार राय १८ हजार २५३ मतसहित दोस्रो भएका छन्।

प्रदेशसभातर्फ ४ (क) मा पुरानै अनुहारका रुपमा नेपाली कांग्रेसका वीरेन्द्र प्रसाद सिंह विजयी भएका छन्। सिंहले १५ हजार ६९३ मत प्राप्त गर्दा नेकपा एमालेका रामबाबु रायले १४ हजार ६१६ मतमा रोकिएका छन्।

४ (ख) मा नयाँ अनुहारका रुपमा नेकपा माओवादी केन्द्रका फकिरा महतो निर्वाचित भएका छन्। महतोले आठ हजार ३३ मत प्राप्त गर्दा स्वतन्त्र उम्मेदवार अनिता देवीले सात हजार ६७६ मत ल्याएकी छन्।

## समानुपातिकतर्फको मतगणनामा पहिलो जनमत दोश्रो एमाले तेस्रो जसपा

**टुडे समाचारदाता**

राजविराज। सप्तरी १ मा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य पदको समानुपातिकतर्फको मतगणना सम्पन्न भएको छ।

निर्वाचन अधिकृतको कार्यालय कंचनपुरका अनुसार समानुपातिकतर्फ मतगणना सकिदा जनमत पार्टी पहिलो, एमाले दोश्रो र जसपा तेश्रो भएको छ।

सप्तरी क्षेत्र नम्बर १ को समानुपातिकतर्फको मतपरिणाम अनुसार जनमत पार्टीले पहिलो भएको सप्तरी निर्वाचन क्षेत्र नम्बर १ का निर्वाचन अधिकृत घनेन्द्र अधिकारीले जानकारी दिए।

उनका अनुसार प्रतिनिधिसभातर्फ जनमत पार्टीले २२ हजार ३ सय २७ मत ल्याएर पहिलो पार्टी बने भने नेकपा एमालेले १२ हजार ९ सय ४ मत प्राप्त गरी दोश्रो भएका छन्। जसपाले १२ हजार ८ सय २७ मत प्राप्त गरी तेस्रो स्थानमा छन्।

यसैगरी क्रमशः नेपाली कांग्रेसले १० हजार ३ सय ९९, माओवादी केन्द्रले ३ हजार ७ सय ७२ नागरिक उन्मुक्ति पार्टीले १ हजार ८ सय ३८, रास्वपा १ हजार ५ सय ९९ मत, राप्रपाले (हलो)ले १ हजार ४ सय ८६, एसले ६ सय ५८ लोसपाले ४ सय ४६ मत प्राप्त गरेका छन्।

प्रतिनिधिसभातर्फ कुल ७५ हजार ९ सय ३६ खसेको मत मध्ये २ हजार ८ सय ८२ मत बदर भएका थिए भने अन्य दलहरूमा मत विभाजन भएका छन्।

यसैगरी,प्रदेशसभातर्फ जनमत पार्टीले २३ हजार ३ सय १४ मत, जसपाले १३ हजार ५ सय २ मत, नेपाली कांग्रेसले १० हजार ८ सय ८० मत, नेकपा एमालेले १० हजार ६ सय ८० मत, नागरिक उन्मुक्ति पार्टीले १ हजार ९ सय ७९ मत, माओवादी केन्द्रले २ हजार ८ सय १८, नागरिक उन्मुक्ति पार्टीले २ हजार २ सय ५५ मत, राप्रपाले १ हजार ७ सय ३ मत, नेकपा एकीकृत समाजवादीले १ हजार २ सय ३९ मत, लोसपाले ७ सय ३५ प्राप्त गरेका छन्।

प्रदेशसभातर्फ ८१ हजर ५ सय ३५ मत ल्याएको मध्ये ५ हजार ६ सय ४२ मत बदर भएको छ। सप्तरीको २,३ र ४ को प्रतिनिधि तथा प्रदेशसभा सदस्य समानुपातिकको मतगणना जारी रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय सप्तरीले जनाएको छ।

चार प्रतिनिधि र ८ प्रदेशसभा निर्वाचन क्षेत्र रहेको सप्तरीमा प्रत्येक्षतर्फको मतगणना सम्पन्न भइसकेको छ।

जसमा प्रतिनिधिसभातर्फ नेपाली कांग्रेस २ जसपा १ जनमत पार्टीले १ स्थानमा जित सुनिश्चित गरेका छन् भने प्रदेशसभातर्फ जनमत ४, एमाले, कांग्रेस, एकीकृत समाजवादी र स्वतन्त्रले एक/एक स्थानमा विजयी भएका छन्।

# व्यापारीको मृत्युपछि चक्काजामसहित प्रदर्शन

**ओम प्रकाश यादव**

रौतहट। सडक दुर्घटनामा एक जनाको मृत्यु भएको विषयलाई लिएर रौतहटको मध्यभाग गरुडामा चक्का जाम गरी प्रदर्शन गरिएको छ।

सोमवार गरुडा नगरपालिका-४ गरुडाका व्यापारी करिब ४५ वर्षीय राजनारायण साहको सवारी दुर्घटनामा परी मृत्यु भएको छ। नम्बर नखुलेको सवारीको ठक्करबाट साहको ज्यान गएको छ।



इलाका प्रहरी कार्यालय गरुडाका अनुसार सोमवार जिल्लाको वीरेन्द्र राजमार्ग अन्तर्गत गरुडा नगरपालिका-८ बसबिट्टि जिङ्गाडिया स्थित पहिचान नभएको सवारीको ठक्करबाट साह गम्भीर घाइते भएका थिए।

गम्भीर अवस्थामा उद्धार गरी साहलाई उपचारको लागि जिल्ला अस्पताल गौर पठाउँदा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाइएको छ।

विहान मर्निङ्ग वाक गर्ने क्रममा नम्बर नखुलेको अपरिचित सवारीले ठक्कर दिदा गम्भीर घाइते भएका साहलाई उपचारको क्रममा जिल्ला अस्पताल गौर मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएका छन्।

घटनास्थलको नजिकै गरुडामा दर्जनौ हस्पिटल हुँदाहुँदै प्रहरीले घाइते साहलाई गरुडामा नलगि गौर स्थित जिल्ला अस्पतालमा उपचार गराउन लगेको कारण घटना शंकास्पद भएको भन्दै छानबिनको माग गर्दै मृतकका आफन्त र स्थानीय व्यापारीहरुले गरुडामा चक्काजाम गरेका थिए।

प्रहरीले दुर्घटनामा परेका व्यापारी साहलाई नजिकको अस्पताल छाडेर टाढा जिल्ला अस्पताल गौरमा उपचार गराउन लगेकोले उनको मृत्यु रहस्यमय हुनसक्ने भन्दै घटनाबारे सत्यतथ्य बाहिर ल्याउनु पर्ने माग राख्दै आफन्त र व्यापारीहरु गरुडाको मुख्य सडकमा करिब २ घण्टा चक्काजाम गरी प्रदर्शन गरेका थिए।

स्थानीयले सोमवार दिउँसो १ बजेदेखि ३ बजेसम्म प्रदर्शन गरेका थिए। चक्काजाम पछि प्रहरीले घटनाबारे चाँडै विस्तृत कुरा जानकारी गराउने सहमति गरेपछि आन्दोलनरत मृतकका आफन्त र व्यापारीहरु अवरुद्ध गरेको बाटो खोलेका थिए।

प्रदर्शनमा सहभागी गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनी प्रसाद जयसवालले चारैतिर सिसीटिभी क्यामरा जडान गरिएको भए पनि प्रहरीले व्यापारी साहलाई ठक्कर दिने सवारी पत्ता लगाउन नसकेकोले छिटोभन्दा छिटो उक्त सवारी पत्ता लगाउन माग गर्दै आफूहरु गरुडाको मुख्य सडक अवरुद्ध गरी प्रदर्शन गरेको बताएका छन्।

गरुडाका अर्का व्यापारी नागेन्द्र प्रसाद चौरसियाले व्यापारी साहको मृत्यु शंकास्पद रहेको र प्रहरीले घटना लुकाउने प्रयास गरेको आरोप लगाएका छन्।

चौरसियाले भने' 'सवारीको ठक्करबाट साह घाइते हुँदा घटनास्थल नजिकै रहेको गरुडामा दर्जनौ हस्पिटल हुँदाहुँदै प्रहरीले गरुडामा उपचार नगराई सिधै जिल्ला अस्पताल गौरमा उनलाई किन लग्यो, गरुडामा उपचार गराउन प्रहरीले किन डरायो, त्यसैले यो घटना शंकास्पद हो उनले भने।

घटना बारे सत्यतथ्य पत्ता लगाई दोषीलाई कानूनी दायरामा ल्याउन उनले प्रहरी प्रशासनसंग माग गरेका छन। प्रहरीले चाँडोभन्दा चाँडो घटनाको वास्तविकता पत्ता नलगाए आफूहरु प्रहरी विरुद्ध कडा आन्दोलन गर्न बाध्य हुने उनले चेतावनी दिए।

स्थानीयहरुले घटना शंकास्पद रहेको बताए पनि इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी निरीक्षक (इन्स्पेक्टर) वीरेन्द्र पासवानले नम्बर नखुलेको अपरिचित कुनै सवारीको ठक्करले व्यापारी साहको ज्यान गएको बताएका छन्।

# पुनः मतगणना हुने

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले मतदानका क्रममा भएका मतदाताबाट भएको असावधानी भएका मतपत्रको मतगणना हुने बताएका छन्। मतदानको क्रममा खस्नु पर्ने मत अन्य मतपेटिकामा खसेको निर्वाचन आयोगमा उजुरी आएपछि प्रमुख निर्वाचन आयुक्त थपलियाले सो कुरा बताएका छन्।



उनले सोमबार पत्रकार सम्मेलन गरेर मतदानका क्रममा कतिपय मतदान केन्द्रमा कर्मचारी र मतदाताका कारण प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका मतपत्र तोकिएको मतपेटिकामा नखसि अर्को मतपेटिकामा खसेका गुनासाहरु आएको जानकारी दिएका छन्।

उनले मतपेटिकामा रहेका सबै मतपत्रलाई मतगणनामा जनताको अभिमत खेर जान नदिने गरी राजनीतिक दल उम्मेदवार र निर्वाचन प्रतिनिधिको छलफलका आधारमा जुन तहकालागि खसेको मतपत्र छ सोही तहमा गणना गरी आवश्यक प्रबन्ध मिलाइने उनले बताए।

मधेश प्रदेशका धनुषा २, सप्तरी लगायत सुनसरी, उदयपुर लगायतका निर्वाचन क्षेत्रहरुमा प्रतिनिधिसभाको मतपत्र प्रदेशसभा र प्रदेश सभाको मतपत्र प्रतिनिधिसभाको मतपेटिकामा भेटेको छ। प्रत्यक्षतर्फको मतपत्र समानुपातिक र समानुपातिक तर्फको मतपत्र प्रत्यक्षको मतपेटिकामा भेटाएपछि भेटाएका मतपत्रहरुलाई बदर गरिएको थियो। तर, निर्वाचनमा पराजित भएकाहरुले सो मतपत्र सदर हुनुपर्ने माग गर्दै निर्वाचन आयोग देखि अदालतसम्म पुगेका थिए।

धनुषा निर्वाचन क्षेत्र नम्वर २ मा एमाले-जसपा गठबन्धनका उम्मेदवार उमाशंकर अरगरियाले बदर मानिएका मतपत्रहरुको गणना हुनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा मुद्दा हाल्न काठमाण्डु सम्म पुगेका छन्। त्यस्तै झिनो मतान्तरका कारण सप्तरी निर्वाचन क्षेत्र नम्वर ३ को (ख)वाट प्रदेशसभाका उम्मेदवार विदेश्वर प्रसाद यादव (विक्की)ले विजयी उम्मेदवारलाई जितको शुभकामना दिइ सकेपनि त्यो क्षेत्रमा पनि मतगणना हुन सक्छ। सो मतपत्रलाई गणना गर्दा विजयी उम्मेदवार भन्दा बढी मत पुग्ने अनुमान छ।

त्यस्तै निर्वाचन आयोगले उदयपुर-१ मा स्थगित मतगणनालाई निरन्तरता दिन आदेश दिएको छ। मतगणना पूर्व भएको सहमतिका आधारमा मतगणनालाई निरन्तरता दिन हिजो मुख्य निर्वाचन अधिकृत कार्यालयलाई आयोगले निर्देशन दिएको हो।

यता, सुनसरी निर्वाचन क्षेत्र नम्वर ४ वाट प्रतिनिधिसभाका उम्मेदवार ज्ञानेन्द्र वहादुर कार्कीले दिएको निवेदनलाई अस्वीकार गर्दै मतगणना अगाडि बढाउन निर्वाचन अधिकृतलाई निर्देशन दिइएको छ।

# विद्यार्थीद्वारा आश्रममा सहयोग

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको हरिवन नगरपालिका-११ मा रहेको सनराईज आवासिय विद्यालयको कक्षा ५ मा अध्ययनरत विद्यार्थीले जुटपानी आश्रममा सहयोग गरेका छन्।



विद्यार्थीहरुले पद्म-भुवने श्वरी नमुना वृद्ध सेवाश्रमका वृद्धवृद्धालाई दिउँसो खाजामा स्याउ,सुन्तला, केरा, चिउरा, दालमोठ खुवाउनुका साथै १ बोरा चामल, ५ केजी चिनी र ५ केजी दाल सहयोग गरेका छन्।

उनीहरुले आफ्ना शिक्षक प्रवेश पोखरेल, मोनिका कार्कीसहित दिउँसो आश्रममा आएर सो सहयोग गरेका आश्रमले जनाएको छ।

यस्तै, लालबन्दी नगरपालिका ५ शान्ति टोल निवासी भगवती घिमिरेले ७३ वर्षमा प्रवेश गरेको अवसरमा गोविन्द प्रसाद घिमिरेसहित आश्रममै पुगेर बिहानको भोजन गराएकी छन्।

# बजरंगवली मन्दिरमा मूर्ति स्थापना


**टुडे समाचारदाता**

राजविराज। सप्तरीको राजविराज नगरपालिका-५ स्थित पञ्चमुखी बजरंगबली मन्दिरमा १९ वर्षपछि मूर्ति स्थापना गरिएको छ।

भारतबाट ल्याइएको शंखमरमरको बजरंगबलीको मूर्ति रामजानकी विवाहपञ्चमीका अवसर पारेर सोमबार मन्दिरमा पंचमुखी बजरंगवलीको स्थापना गरिएको छ।

पञ्चमुखी बजरंगबली मन्दिरमा प्राण प्रतिष्ठा एवम् मूर्ति स्थापनाका लागि आइतबार सयौंको संख्यामा राजविराजमा कलशयात्रा निकालिएको थियो।

पञ्चमुखी बजरंगबली मन्दिर निर्माण एवम् प्रतिमा स्थापना समितिका अनुसार



आइतबार पूजापाठ र सोमबार प्रतिमा स्थापना

गरिएको छ। उक्त मूर्ति दुई दशकदेखि स्थानीय सत्यनारायण चौधरी घरमा राखिएको थियो। भारत, राजस्थानको राजधानी जयपुरबाट २०६० सालमा पञ्चमुखी हनुमानको प्रतिमा ल्याइएको थियो। राजविराज नगरपालिकाका तत्कालीन नगर प्रमुख जगरनाथ दासले २०५५ सालमा मन्दिर शिलान्यास गरी ५० हजार सहयोग गरेपछि स्थानीयको सहयोगमा मन्दिर निर्माण कार्य गरिएको थियो।

मन्दिरको स्तरोन्नतिका लागि पूर्वमन्त्री स्व. मिथिला चौधरीले १२ लाख सहयोग गरेको उनका छोरी रक्षा चौधरीले जानकारी दिएकी छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८